अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान

ABHIYAN WEEKLY
साप्ताहिक

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : १० / २०८३ असोज ९ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Sep. 25, 2026 / मूल्य रु. १०/-

## बालेन सरकार आफ्नै खुट्टामा बञ्चरो प्रहार गर्दैछ

काठमाडौ । २०८२ फागुन २१ गतेको संसदको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको रास्वपा नेतृत्वको बालेन सरकार लोकप्रियतावादमै रमाउन थालेको छ भने त्यसलाई रास्वपा नेतृत्वले समेत समर्थन गरेको छ । यस्तो कार्यले गर्दा संसदीय लोकतन्त्र र विशेष गरी मुलुकमा स्थापित भएका संस्थागत संरचना बलियो नभएको नेपाल जस्तो मुलुकमा कार्यकारी प्रमुखको भूमिका, संसदमा बोल्ने शैली र सम्बन्धले समग्र राजनीतिलाई नै प्रभाव पार्ने निश्चित जस्तै देखिएको छ ।

बालेन सरकारले लोकप्रियतावादलाई नै आफ्नो हतियार बनाउँदै आएको र त्यसैको आधारमा स्थापित भएका संघ, संस्थामाथि प्रहार गरिरहेको छ । लोकप्रियतावादी नेताहरूले आफूलाई जनताको एकमात्र विशेष प्रतिनिधि मान्ने र प्रतिनिधिका आवाजका रूपमा

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## दलहरू भन्दछन् एक गर्दछन् अर्को

काठमाडौ । पछिल्लो समयमा राजनीतिक दल र सरकारले संविधानलाई देखाएर आफ्नो असफलता र अकर्मण्यता लुकाउन थालेका छन् । संविधान संशोधन हुन सक्छ । संविधान भनेको ढुँगाको अक्षर होइन । अहिलेको नेपालको संविधान संशोधन गरी मुलुकलाई निकास दिनुपर्ने आवश्यकता रहेको छ । राजनीतिक दलहरूले जनताको हितलाई ध्यानमा राखेर अघि बढ्नुको बदला आफैँलाई मालिक सम्झिने प्रवृत्ति र व्यवहार नै समस्याको जड हो ।

राजनीतिक दलहरूलाई जनताको सेवा र देश विकास गर्नु कुनै अवरोध सिर्जना भएको छैन । राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले जनताको सेवा भन्दा आफ्नै स्वार्थमात्र पूरा गर्दै आएकोले समस्या देखिएको हो । २०८२ भाद्र २३ गतेको जेनजीहरूको विरोध

>>> बाँकी ८ पेजमा

## प्रश्नको जवाफ दिन्न भन्ने अधिकार सरकारलाई छैन/हुँदैन ?

काठमाडौ । प्रधानमन्त्री बालेन साहले गत शुक्रबार असोज २ गते सत्तारूढ दल रास्वपाबाट संसदमा निर्वाचित ३० वर्ष मुनिका केही सांसदहरूसँग छलफल गरेका थिए । सो अवसरमा प्रधानमन्त्रीले युवा सांसदहरूले समस्या समाधानका उपायहरूपनि सरकारलाई दिनुपर्ने बताउँदै सांसदहरूले संसदमा दिएका अभिव्यक्तिलाई आफूले गहन रूपमा लिएको बताएका थिए । प्रधानमन्त्री साहले संसदमा जेनजी सांसद र ६० वर्ष काटेका सांसदहरूको प्रस्तुती बीचमा केही भिन्नता नभएको टिप्पणी समेत गरेका जेनजी सांसदहरूले बताउने गरेका छन् ।

छलफलका क्रममा प्रधानमन्त्री साहले युवा

>>> बाँकी ८ पेजमा

# लोकप्रियतावाद लामो समयसम्म टिक्दैन

### लोकप्रियतावाद नै सत्तामा बस्नेहरूको लागि पतनको बाटो हो भन्ने हेक्का बालेन सरकारलाई होस्

देवेन्द्र चुडाल

काठमाडौ । लोकतन्त्र भनेको राजनीतिक यात्राको पहिलो खुड्किलो मात्र होइन यो व्यवहारमा देखिने राजनीतिक दल र तिनका नेताहरूको व्यवहार समेत हो । निर्वाचन जित्नुमात्र र सरकार निर्माण गर्नुमात्र लोकतन्त्र हुन सक्दैन । लोकतन्त्र भनेको जनताको 'तन्त्र' हो, जनतालाई लोकतान्त्रिक अधिकार दिलाउने काम राजनीतिक दल र तिनको नेताहरूकै हो ।

लोकतन्त्र भनेको विधिको शासन समेत हो । निर्वाचनमा भात्र लिएपछि जितहारलाई स्वाभाविक रूपमा लिन सक्नु नै लोकतान्त्रि पद्दति हो । निर्वाचन जितेर सरकार निर्माण गर्दैमा लोकतान्त्रिक हुन सकिँदैन, सरकारले जनताको विश्वास जितेर जनताको हितमा काम गर्न सकेको खण्डमा मात्र लोकतान्त्रिक व्यवस्था बलियो हुन सक्छ । जनतालाई उपेक्षा गरेर राजनीतिक स्वार्थ र व्यक्तिगत स्वार्थ पुरा गर्न लागि परेको खण्डमा जनताले



विद्रोह गर्न सक्छन् भन्ने हेक्का राजनीतिक दल र सरकारमा रहेका व्यक्तिहरूलाई हुनुपर्दछ ।

निर्वाचन जितेर संसदमा प्रवेश गर्नु राजनीतिक उपलब्धि मात्र हो । प्रभावकारी संसदीय अभ्यास सिक्नु र त्यसलाई निरन्तरता दिनु संस्थागत जिम्मेवारी समेत हो । नयाँ सांसदहरूका लागि संसद राजनीतिक करियरको महत्वपूर्ण खुड्किला मात्र होइन, सार्वजनिक नीति सिक्ने, निर्वाचित भएका सांसदहरु मन्त्री बन्न नसक्नु असफलता होइन तर पाँच वर्षसम्म संसदमा रहेर विधेयक, बजेट, समिति र सरकारका काम कारबाहीका बारेमा प्रर्याप्त अध्यायन नगर्नु संसदीय अवसरको उपयोग नगर्नु नै हो ।

सत्ता पक्षका सांसदहरूले सरकारका राम्रा कामको समर्थन गर्दै जनताका हित विरूद्धका काम कारबाहीको विरोध गर्नु संसदीय परम्परा नै हो । तर २०८२ फागुन २१ गते सम्पन्न भएको संसदको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत पाएर सरकार बनाउने अवसर पाएको छ । तर त्यो दुई तिहाईको मतको सदुपयोग नत रास्वपाले नै गर्न सकेको छ, नत प्रधानमन्त्री बालेन साह नेतृत्वको सरकारले नै ।

प्रधानमन्त्री बालेन लोकप्रियताबादमा अघि बढ्दै गएका छन् । लोकप्रियतावाद आफैँमा खराब नभएपनि त्यसलाई प्रयोग गर्ने व्यक्तिले त्यसलाई बद् नाम गराउँदै गएका छन् । प्रधानमन्त्री नै लोकप्रियतावादमा अघि बढेकै हुनाले रास्वपाका सांसदहरूले समेत त्यसैलाई अनुशरण गर्न थालेका छन् ।

लोकप्रियवादले केही समयसम्म मानिसलाई सफल बनाएको जस्तो देखिएपनि त्यस्तो कार्य लामो समयसम्म

>>> बाँकी ८ पेजमा

## आफ्नो कमजोरी अरुलाई दोष लगाएर सरकार उम्किन पाउँदैन

काठमाडौं । २०४६ सालको राजनीतिक परिवर्तनपछि गठन भएका कुनैपनि सरकारले आफ्नो ५ वर्षे कार्यकाल पूरा गर्न सकेका छैनन् भने एक्लै बहुमत ल्याएको भएपनि त्यो बहुमतलाई राजनीतिक दलहरूले जोगाईराख्न सकेका थिएनन् । त्यसको एउटै कारण हो सत्तामा पुगेपछि राजनीतिक दलका नेताहरूको दम्भ र घमण्ड नै मुख्य कारण रहेको छ ।

नेपालको सबैभन्दा पुरानो पार्टी नेपाली कांग्रेसले पटक पटक पाएको बहुमतलाई जोगाई राख्न सकेन भने नेकपा एमाले र तत्कालिन माओवादी केन्द्र एक भएर गठन भएको सरकारले समेत पूरा कार्यकाल पुरा गर्न सकेन, आखिरी किन ? अब त्यसको उत्तर राजनीतिक दलहरूले खोज्नैपर्दछ र जनतालाई समेत जवाफ दिनुपर्दछ ।

विगतमा एकलौटी सरकार, मिलिजुली सरकार गठन भएका थिए तर गत भाद्र २०८२ भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनलाई हाइज्याक गरेर भाद्र २४ गते मुलुकभरमै विध्वसात्मक कार्य गर्नेहरूले नै २०८२ चैत्र १३ गते रास्वपा नेतृत्वको बालेन साह सरकार गठन भएको ६ महिना पुग्न लाग्दा समेत एकलौटी सरकारले नत सुशासन कायम गर्न सकेको छ, नत पारदर्शिता नै देखाएको छ । निर्वाचनका बेला रास्वपाले आफ्नो नेतृत्वको सरकार गठन भएमा १०० दिनमा

>>> बाँकी ८ पेजमा

## राष्ट्रिय सभाको अस्तित्व कायम राखियोस्

काठमाडौ । पछिल्लो समयमा भाद्र ३० गते सर्बोच्च अदालतले प्रतिनिधिसभाले संविधान संशोधन गर्ने विधेयकलाई कार्यान्वयनमा रोक लगाउँदै यथास्थितिमा राख्न अन्तरिम आदेश दिएपछि अब सर्बोच्च अदालतको सम्वैधानिक इजलासबाट अन्तरिम निर्णय नभएसम्म प्रक्रिया के हुन्छ भन्ने प्रश्न उठेको छ । नेपालको संविधानले संसद भन्नाले प्रतिनिधिसभा र राष्ट्रियसभालाई सम्झनुपर्ने भन्ने उल्लेख गरिएको छ ।

संविधान संशोधन विधेयक पारित गर्ने कार्यविधि प्रतिनिधिसभा नियमावली २०८३ को नियम १४० को ११ मा रहेको छ । उक्त नियममा प्रतिनिधिसभा र राष्ट्रियसभाको मत एकमुष्ठ जोडेर संविधान संशोधन विधेयकले




आवश्यक दुई तिहाई मत पाएको वा नपाएको निर्धारण गर्ने भनिएको छ । नियम १४० (११) मा दुवै सदनको संख्या गणना गर्ने र सभामुखले प्रमाणित गर्ने व्यवस्था पनि गरिएको छ । यो निर्णय प्रतिनिधिसभामा नियमावली सत्ताधारी दलले विपक्षी दलहरूलाई पेलेर प्रतिनिधिसभाबाट पारित गरिएको थियो ।


सर्बोच्च अदातलको सम्वैधानिक इजलासले भाद्र ३० गते बुधबार दिएको आदेशमा नियम १४० (११) सहित विशेष अधिकारसम्बन्धी नियम २५९ लाई पनि अर्को आदेश नआएसम्म कार्यान्वयन नगरी यथास्थितिमा राख्न आदेश दिएको छ । पहिलाको नियमावलीमा प्रतिनिधिसभा र राष्ट्रियसभाबाट छुट्टाछुट्टै दुई तिहाई मतबाट संविधान संशोधन विधेयक पारित भएपछि सभामुखले प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पठाउने व्यवस्था थियो । तर सत्ताधारी दलको राष्ट्रियसभामा उपस्थिति

>>> बाँकी ८ पेजमा

# सरकार यस कारण भाद्र २४ को घटनामा बोल्न चाहँदैन

काठमाडौ । गत साल २०८२ भाद्र २३ गते जेनजीहरूको विरोध प्रदर्शनलाई हाईज्याक गरेर आफ्नो स्वार्थ पूरा गर्न खोज्नेहरूले नै भाद्र २४ गतेको विध्वसात्मक घटना घटाएपछि जनताले तत्कालिन केपी ओली नेतृत्वको सरकारले नै भाद्र २३ गते गोली चलाएर काठमाडौमा १९ र इटहरीमा २ जनाको ज्यान लिएको भन्दै आक्रोश व्यस्त गरेका थिए ।

त्यही आक्रोशलाई जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूले भाद्र २४ गते विध्वसात्मक कार्य गरेर सिंहदरबार सहित सर्बोच्च अदालत, राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास संसद भवन लगायत पूराना राजनीतिक दलका शिर्ष नेताहरूका निजी निवास छानीछानी



आगजनी गरे ।

तर त्यस विषयमा आजसम्म कसैलाई कारबाही भएको छैन भने २०८२ भाद्र २७ गते संविधान विपरित सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशलि कार्कीको नेतृत्वमा सरकार गठन गरियो । त्यही सरकारले भाद्र २३ र २४ गतेको घटनाको अनुसन्धान छानविन गर्न आयोग/समिति गठन गरेको थियो सो समितिले पनि भाद्र २३ गतेको मात्र अनुसन्धान गरेर भाद्र २४ गतेको घटनाको छानविन गरी कारबाही हुनुपर्ने प्रतिवेदन सरकारलाई बुझाएको भएपनि सो प्रतिवेदन आजसम्म सार्वजनिक हुन सकेको छैन भन्ने कारबाही त परकै कुरा ।

>>> बाँकी ८ पेजमा

## अवैध बसोबास गरेका ८८ जना विदेशी नागरिकको भिषा रद्द

काठमाडौं । अध्यागमन विभागले प्रचलित कानूनबमोजिम नेपालमा व्यापारिक वा औद्योगिक व्यवसायमा लगानी गर्ने इजाजतप्राप्त विदेशी नागरिकलाई सम्बन्धित निकायको सिफारिसमा व्यावसायिक भिसा जारी गर्दै आएको छ । साथै नेपालमा उत्पादित मालसामान खरिद गरी निकासी गर्ने विदेशीलाई समेत व्यावसायिक भिसा जारी गर्ने व्यवस्था रहेको छ ।

अध्यागमन नियमावली, २०५१ मा व्यावसायिक भिसा प्राप्त गर्ने विदेशी नागरिकले जुन उद्देश्यका लागि भिसा प्राप्त गरेको हो, सोही उद्देश्यका साथ नेपालमा बस्नुपर्ने व्यवस्था छ । व्यावसायिक भिसालाई रोजगारी, श्रम वा अन्य असम्बन्धित कार्यका लागि प्रयोग गर्न

>>> बाँकी ८ पेजमा

# Pakistan: Where Politics and Economics Collide?

**Azhar Dogar**

American economist Thomas Sowell wrote that "the first lesson of economics is scarcity. There is never enough of anything to satisfy all those who want it. The first lesson of politics is to disregard the first lesson of economics".

In public debate, politics and economics are often treated as distinct spheres, politicians handle governance while economists tackle markets and fiscal matters. Yet in reality, the two are inseparably intertwined. Politics shapes economic outcomes, and economic conditions transform political landscapes. Their relationship is sometimes cyclical, reinforcing, and at times destabilizing for countries. Understanding this interdependence is indispensable for any society seeking stability, prosperity, and democratic resilience.

At its core, economics concerns the allocation of resources, while politics determines who has the authority to allocate them. Political structures that include constitutions, legal systems, electoral rules, and state institutions form the scaffolding upon which an economy operates. They establish the rules of property, contract, taxation, competition, trade, and labour. They define the incentives for investment and innovation, and set boundaries for market conduct.

Consider one of the most basic economic indicators, investor confidence. It rises and falls not only with corporate earnings or macroeconomic data but with political predictability. Stable democracies with transparent and accountable institutions tend to attract capital whereas fragile states or authoritarian regimes that govern by decree often repel it. Political risk becomes an economic variable. When a government suddenly nationalizes assets, reverses tax policy overnight, or weakens judicial independence, it sends shockwaves through markets.

Politics and economics are not merely adjacent fields, they are mutually constitutive forces shaping the trajectory of societies. Politics sets the rules of the game, and economics determines the stakes. Economic conditions can uphold or upend political orders, while political choices can nurture or stifle economic growth. In Pakistan, politics and economics are not separate spheres, they are mutually constitutive forces, each continuously shaping and reshaping the other. Political decisions influence economic outcomes, while economic realities, in turn, constrain or empower political action

Regulation is another crucial intersection. Environmental laws, labour protections, antitrust measures, and financial oversight all originate in political processes. These decisions are not merely technical, they reflect values about fairness, sustainability, and social welfare. When politicians champion deregulation, they influence corporate behaviour and market concentration. When they expand social safety nets, they shape consumer demand and labour market participation. Policies surrounding education, healthcare, infrastructure, and technology not only support social development but also determine long term economic competitiveness.

Moreover, fiscal and monetary policies though often presented as neutral or technocratic are inherently political. Governments choose which sectors to subsidize, which industries to tax, and how to finance spending. Central banks, even when independent, are creatures of political design. Their mandates, leadership selection, and legitimacy are shaped within political negotiation. Politics can expand or restrain the money supply, determine interest rates indirectly, and control the levers of inflation.

Different political ideologies promote different economic systems. Social democracies emphasize redistribution, public goods, and worker protections. Classical liberalism propagates market freedom and limited government intervention. Nationalist or populist governments may adopt protectionist trade policies and state led industrial strategies. This ideological orientation is not abstract, it produces materially different outcomes in inequality levels, market structure, social mobility, and growth pattern.

Even international trade agreements which are often viewed through purely economic lenses can be profoundly political. They involve negotiations about sovereignty, labour rights, environmental standards, and strategic alliances. Decisions about tariffs, intellectual property, and cross border investment can reshape entire industries. Political shifts in one country can alter global supply chains, as seen in debates over decoupling, reshoring, and the future of globalization.

Just as political structures guide economic behaviour, economic conditions fundamentally mould political dynamics. Prosperity or stagnation, inequality or broadly shared growth each creates distinct pressures on political institutions. Periods of economic expansion often stabilize political systems. When employment is high and incomes are rising, voters tend to reward incumbents and trust in institutions. Economic success acts as a validation of governing models. The post war boom in Western democracies, for instance, underpinned decades of political stability and the expansion of welfare states.

But when economic conditions deteriorate, political landscapes can change dramatically. Economic crises undermine public faith in established political parties and technocratic expertise. High unemployment or inflation breeds frustration and fuels narratives of elite failure. Populist movements often arise from such conditions, promising to represent "the people" against economic injustice or external threats. The global financial crisis of 2008 triggered waves of political upheaval including austerity protests, the rise of anti-establishment parties, and a questioning of globalization itself.

Inequality is perhaps the most potent economic force shaping politics today. As wealth concentrates, political power follows. Campaign financing, lobbying, and media influence become tools for protecting economic privilege, often entrenching a cycle where economic disparities translate into political inequalities and vice versa. Public resentment grows when economic mobility stagnates, fuelling support for radical changes that are sometimes constructive, sometimes disruptive.

Demographics also matter. Ageing populations, shrinking workforces, and social welfare burdens influence political debates on taxes, immigration, pensions, and public spending. Economically informed anxieties about job security or automation drive political rhetoric and policy responses.

Recognizing the interdependence of politics and economics is not simply an academic exercise, it is a prerequisite for sound governance. Too often, economic policy is framed as technocratic and insulated from the messy world of politics. But decisions about budget priorities or industrial strategy are ultimately political choices reflecting societal values. Conversely, democratic debate that ignores economic reality risks creating expectations no policy can fulfil.

A more integrated approach requires transparency, robust public institutions, and a political culture that respects evidence while acknowledging competing values. Policymakers must be honest about trade-offs, and economists must be more attuned to political feasibility. Citizens, too, must understand that economic grievances do not automatically justify political extremes, nor can political aspirations be realized without acknowledging economic constraints.

Politics and economics in Pakistan are not merely connected; they are inseparable forces that constantly shape, distort, and undermine each other. The country's economic instability cannot be understood without examining its political structures, which for decades have remained fragile, personalized, and resistant to reform.

At the heart of Pakistan's economic challenges lies a cyclical political pattern, weak civilian governments, periods of direct or indirect military influence, and a governance culture built around patronage rather than policy. Instead of functioning as institutions that produce long term economic planning, political parties often operate as electoral machines dependent on loyalty networks. As a result, economic decisions are frequently made for short term political gain, subsidies before elections, unsustainable borrowing to maintain artificial stability, and appointments based on allegiance rather than expertise. Military governments have been no different. This structural flaw creates a chronic policy inconsistency that scares off investors, both domestic and foreign. Every change in government brings changes in tax regimes, trade policies, and development priorities. No economy can grow when its direction shifts every few years based on political expediency rather than national interest.

Moreover, the politicization of state institutions from regulatory bodies to public enterprises erodes efficiency and accountability. When positions in power companies, revenue boards, or development authorities are filled through patronage, mismanagement becomes inevitable, and corruption thrives. The economic cost of this institutional decay is staggering, energy circular debt, tax evasion, capital flight, and an ever expanding informal economy that the state can neither regulate nor benefit from.

Pakistan's political instability also carries a security dimension, and markets respond immediately to tensions between constitutional authorities, protests, or delayed elections. Stability is not merely a political issue, it is an economic necessity. If Pakistan is to break this vicious cycle, it must strengthen institutional autonomy, reform all state institutions, and shift from personality driven politics to policy driven governance. Without restructuring the political foundation, even the best economic reforms will remain temporary patches on a deeply flawed system.

In an era of rapid technological change, rising inequality, and geopolitical uncertainty, the need for a holistic understanding of this relationship has never been greater. It is time to stop treating politics and economics as separate silos and recognize their deep, inevitable interdependence. Only then can nations craft policies that are both economically sound and democratically legitimate, ensuring stability and prosperity for generations to come.

Politics and economics are not merely adjacent fields, they are mutually constitutive forces shaping the trajectory of societies. Politics sets the rules of the game, and economics determines the stakes. Economic conditions can uphold or upend political orders, while political choices can nurture or stifle economic growth. In Pakistan, politics and economics are not separate spheres, they are mutually constitutive forces, each continuously shaping and reshaping the other. Political decisions influence economic outcomes, while economic realities, in turn, constrain or empower political action.

## करका दरमा सरकारको अस्थिर नीति

# आर्थिक वर्ष सुरु भएको दुई महिनामै हेरफेर

काठमाडौं । सरकारले बजेटमार्फत लागू गरेका करका दर र व्यवस्था कार्यान्वयनमा आएको दुई महिनामै परिवर्तन गरेको छ । आर्थिक वर्ष ०८३/८४ को बजेट प्रस्तुत गर्दा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सेयर कारोबारबाट हुने पुँजीगत लाभकरलाई अन्तिम कर बनाउने घोषणा गरेका थिए । लामो समयदेखि लगानीकर्ताले उठाउँदै आएको करसम्बन्धी अन्योल हटाउँदै सरकारले पुँजीगत लाभकर तिरेपछि सो आम्दानीलाई व्यक्तिगत आयकरको स्ल्याबमा पुनः जोडेर थप कर तिर्नुनपर्ने व्यवस्था गरिएको थियो । करलाई अन्तिम बनाइए पनि सरकारले दर भने बढाएको थियो । तीन सय ६५ दिन वा सोभन्दा कम अवधिका लागि सेयर होल्ड गर्ने लगानीकर्ताका लागि पुँजीगत लाभकर ७.५ प्रतिशतबाट १० प्रतिशत र तीन सय ६५ दिनभन्दा बढी होल्ड गर्नेका लागि ५ प्रतिशतबाट ७.५ प्रतिशत पुर्‍याइएको थियो ।

करको अन्तिम सुनिश्चित गरिए पनि दर वृद्धि भएपछि सेयर बजारका लगानीकर्ताबाट त्यसको विरोध भयो । बजेटपछि बजारमा देखिएको लगातारको कमजोरीसँगै पुँजीबजारसम्बन्धी सरकारी नीतिको आलोचना भयो । अन्ततः सरकारले करको दर पहिलाभन्दा पनि कम हुने गरी घटाउने निर्णय गर्‍यो । अर्थ मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले स्वीकृत गरेको 'पुँजीबजार सुदृढीकरण तथा पुनरूत्थान कार्ययोजना, २०८३' मा पुँजीगत लाभकरको दर घटाउने व्यवस्था गरिएको छ । सोअनुसार एक वर्षसम्म सेयर होल्ड गर्ने लगानीकर्ताको कर १० प्रतिशतबाट ५ प्रतिशत तथा तीन सय ६५ दिनभन्दा बढी होल्ड गर्ने लगानीकर्ताको कर ७.५ प्रतिशतबाट ३.७५ प्रतिशत कायम गर्ने निर्णय भएको छ । साथै, सेयर कारोबारमा भएको घाटालाई सोही आर्थिक वर्षमा भएको अर्को नाफासँग समायोजन गर्न सकिने व्यवस्था गर्ने प्रस्ताव पनि कार्ययोजनामा समेटिएको छ ।

बजेटमा करका दर तोकेर कार्यान्वयनमा आएको छोटो अवधिमै त्यसलाई परिवर्तन गर्दा सरकारको नीति र रणनीतिमाथि नै प्रश्न उठ्ने अर्थशास्त्री प्राडा पुष्कर बज्राचार्यले बताएका छन् । उनका अनुसार करका दर परिवर्तन गर्नुअघि त्यसले अर्थतन्त्रका विभिन्न क्षेत्रमा पार्ने प्रभावको पर्याप्त अध्ययन र हिसाब हुनुपर्छ । सरकारले कर नीति बनाउँदा तत्काल राजस्व कति उठ्छ भन्नेमा मात्र ध्यान दिन नहुने उनको भनाइ छ । त्यसले समग्र अर्थतन्त्रमा पार्ने प्रभाव पनि हेर्नुपर्छ । सरकारको दीर्घकालीन आर्थिक भिजन स्पष्ट भएपछि त्यहीअनुसार कर नीति तय हुनुपर्ने उनले बताए । 'सबभन्दा पहिला त भिजन क्लियर हुनुपर्छ । हामीले अर्थतन्त्रलाई कहाँ लैजाने, कसरी लैजाने भन्ने स्पष्ट हुनुपर्छ । त्यसैअनुसार सबै नीति हुनुपर्छ,' उनले भने । शिक्षा र स्वास्थ्यमा शुल्क वा सेयर बजारमा पुँजीगत लाभकरजस्ता विषयमा निर्णय गर्दा त्यसको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव हेर्नुपर्ने उनको भनाइ छ ।

उनका अनुसार करको दर परिवर्तन गर्दा ठुला लगानीकर्ता र साना तथा सीमित लगानीकर्ता दुवैमा पर्ने प्रभाव अलग–अलग हिसाब गर्नुपर्छ । त्यस्तै, करको परिवर्तनले लगानी, रोजगारी, उत्पादन र समग्र आर्थिक गतिविधिमा पार्ने असरसमेत मूल्यांकन गर्न आवश्यक हुन्छ । बज्राचार्यले ठुला अन्तर्राष्ट्रिय संस्थाहरूले नीति निर्माणअघि गर्ने म्याक्रो मोडलिङको उदाहरण दिँदै नेपालमा पनि कम्तीमा आधारभूत प्रभाव मूल्यांकन हुनुपर्ने बताए । 'विश्व बैंक अथवा अन्तर्राष्ट्रिय संस्थाहरूले म्याक्रो मोडलिङदेखि सबै कुरा गर्छन् । त्यसको प्रभाव वृद्धि, रोजगारी र अर्थतन्त्रका विभिन्न क्षेत्रमा कस्तो पर्छ भनेर हिसाब गर्छन्,' उनले भने, 'कम्तीमा यति नै गर्न नसके पनि त्यसको केही अनुमान त हुनुपर्छ ।'


कर नीति बारम्बार परिवर्तन हुँदा सरकारप्रति निजी क्षेत्रको विश्वासमा समेत असर पर्न सक्ने उनको भनाइ छ । सरकार र निजी क्षेत्रबिच छलफल गरेर स्पष्ट र स्थिर नीति ल्याउन सके त्यसले लगानीकर्तामा विश्वास बढाउने उनले बताए । सरकारले सेयर बजारको करमा मात्र होइन, निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाएको करसमेत आर्थिक वर्ष सुरू भएको केही समयमै फिर्ता लिएको थियो । आर्थिक ऐन, २०८३ मार्फत निजी शिक्षण संस्थाले लिने शुल्कमा तीन प्रतिशत शिक्षा समता शुल्क र निजी अस्पताल तथा स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवामा तीन प्रतिशत स्वास्थ्य समता शुल्क लगाइएको थियो ।

बजेट कार्यान्वयनमा आएपछि यी दुवै शुल्कको विरोध भयो । निजी विद्यालय सञ्चालक, अस्पताल सञ्चालक तथा अभिभावकका प्रतिनिधिमूलक संस्थाले करको भार अन्ततः सर्वसाधारणको खल्तीमा पर्ने भन्दै विरोध जनाए । अर्थमन्त्री वाग्लेले भने उक्त शुल्कको बचाउ गर्दै निजी क्षेत्रबाट उठ्ने रकम दुर्गम तथा सीमान्तकृत समुदायको सार्वजनिक शिक्षा र स्वास्थ्य सेवा सुदृढीकरणमा खर्च गर्ने योजना रहेको बताएका थिए । दुवै शुल्कबाट वार्षिक करिब साढे चार अर्ब रूपैयाँ राजस्व उठ्ने अनुमान थियो । तर, कार्यान्वयनमा आएको केही दिनमै प्रधानमन्त्री बालेन्द्र शाहले समता शुल्क हटाउने घोषणा गरे । त्यसपछि बसेको मन्त्रिपरिषद् बैठकले आर्थिक ऐन, २०८३ को दफा १८(१) प्रयोग गर्दै शिक्षा र स्वास्थ्य दुवै क्षेत्रमा लगाइएको तीन प्रतिशत कर खारेज गर्ने निर्णय गर्‍यो । नेपाल राजपत्रमा सूचना प्रकाशित भएपछि उक्त कर कानुनी रूपमा समेत हटेको छ ।

बजेट आएको छोटो समयमै सर्वसाधारण र सरोकारवालाको विरोधका कारण सरकार करका दरहरूबाट पछि हट्नुपरेको अर्थ मन्त्रालयका प्रवक्ता अमृत लम्सालले स्वीकार गरेका छन् । उनले भने, 'ट्याक्सेसन विद्आउट रिप्रेजेन्टेसन (प्रतिनिधित्वविनाको कर)भन्दा पनि जनताको प्रत्यक्ष सरोकार रहने विषयमा व्यापक छलफल गरेर सर्वस्वीकार्यता बढाउनुपर्छ भन्ने सिद्धान्त नै हो । यो वर्ष हामीलाई खर्चको आवश्यकता धेरै थियो, त्यसैले स्रोतको आधार बढाउनैपर्ने बाध्यता थियो ।' राजनीतिक परिवर्तन र छोटो समयमा बनेको सरकारका कारण पर्याप्त गृहकार्य गर्न नपाइएको उनले बताए ।

उनका अनुसार भोलिका दिनमा सर्वसाधारणलाई सानो ओपिडी वा औषधिको सेवा लिँदा असर नपर्ने गरी कसरी करको दायरामा ल्याउने भन्नेबारे पुनः तय गरिनेछ ।

# बालेनलाई ढाल्न खोज्ने ढल्लान् कि बालेन ?



• राजन कार्की
rajan2012karki@yahoo.com

जेनजी बिद्रोहले स्थापित पुराना दलहरु र नेताहरूको जुन तरिकाले सातो खाइदियो, त्यसपछि सत्ता र शक्तिबाट एकैपल्ट भुइँमा पछारिएका थिए । उनीहरु अन्तरिम सरकार बन्दा होसमा थिएनन्, चुनाव हुँदा होसमा त थिए, बोल्न सक्ने स्थितिमा रहेनन्, चुनावपछि रास्वपाले पाएको ऐतिहासिक दुई तिहाईको बहुमत देखेर जिल्लाराम परेका थिए ।

त्यसपछि बन्यो, बालेन साहको सरकार । केही हप्ता इन्तु न चिन्तु भएका पुराना दलका केही प्रतिनिधि जो प्रतिपक्षीमा टाक्सिन, खुम्चिन पुगेका थिए, तिनले बिस्तारै बालेन सरकारको आलोचना गर्न थाले । जब बालेन साहले जेठ १७ गते सीमा समस्याबारे बोले, भारतले मात्र होइन, नेपालले पनि भारतको सीमा मिचेको थाहा पाएको बताए र सीमा समस्या भारतसँग बसेर, छलफल गरेर समाधान गर्ने विषयको उठान गरे । तब प्रतिपक्षीले प्रधानमन्त्री बालेनलाई सय दिनको हनिमून समय पनि दिएनन् । संसद, सडकमा हल्लीखल्ली गरेर बालेन साह सरकारको आलोचना गरे- नेपालले कहाँ मिच्यो भारतको भूमि भन्न थाले । आधा कुरा गरेर प्रम बालेनको जिब्रो थुत्ने प्रयत्न गरिरहे, गरिरहेका छन् ।

भदौ १० गते को भोटेकोशीको बाढीले जुन तरिकाले जनजीवन र अर्थतन्त्र तथा पूर्वाधार ध्वस्त पार्ने गरेर विपद् ल्याइदियो । त्यसबारे संसदमा पुगेर प्रम बालेन साहले भनेका थिए- उद्धार गर्ने प्रयास भइरहेको छ । यसप्रकारको बाढीको प्रकोपबाट उद्धार गर्ने प्रविधि विश्वमै नभएको र नेपालसँग पनि छैन भन्दै सेना, सशस्त्र, प्रहरीका माध्यमबाट उद्धार, राहत गरिरहेको बताए । फेरि विपक्षी दलले प्रम बालेनको जिब्रो समात्दै किन छैन विश्वमा त्यस्तो प्रविधि भनेर आलोचना गरे । विश्वभरि जहाँ जहाँ यसखालको प्राकृतिक विपद् पर्छ, त्यहाँ त्यहाँ उद्धारमा खटिएका विदेशीले समेत यस प्रकारको बाढीको प्रकोप नदेखेको बताएका छन् । जेहोस्, विपक्षी दलहरु जसरी पनि बालेन सरकारलाइ ढाल्न र बालेन सरकार विरूद्ध जनता उचालेर सडकमा उफार्न खोजिरहेका छन् ।

यसैवीच प्रचण्डजस्ता अतिवादी कम्युनिष्ट जसले माओवाद त्यागेर नेकपा खोलेका छन्, उनले प्रतिपक्षीहरूलाई एक ठाउँमा भेला गराएर दशैं तिहारपछि सरकारविरूद्ध सडकमा आगो बाल्ने उद्घोष गरेका छन् । देश संकटमा छ, कसरी यो संकटबाट पार पाउने, स्थिरता, शान्ति र पुननिर्माणमा लाग्ने भन्ने सोच विपक्षीको छँदैछैन । एकबुँदे एजेण्डा बोकेका छन् विपक्षीले, जसरी पनि बालेन सरकार ढाल्ने, रास्वपालाई खण्डित पारिदिने ।

अर्थात् नेपाली राजनीतिको नयाँ परिदृश्य देखिएको छ- बालेनलाई ढाल्न खोज्ने ढल्छन् कि बालेन ढल्छन् ?

सरकारको कृयाकलाप हेर्दा प्रधानमन्त्री बालेन साह यति मजबुत भएर उभिएका छन् कि उनी जसरी पनि नेपालमा शान्ति सुव्यवस्था, सुशासन र समृद्धि ल्याउँछु भन्छन् । बालेनको सबैभन्दा ठूलो शक्ति जनताले दिएको अपार विश्वासको मत र बालेनमा रहेको इमान । बालेनले भ्रष्टाचार गऱ्यो भन्न कसैले सकेका छैनन् । हो, बालेन विश्वमै ३६ वर्षे युवा हुन्, जेनजी विद्रोहबाट जन्मेको नेतृत्व हो, उनको काँधमा जेनजी शहिदको सपना पूरा गर्ने दायित्व छ, सुशासन स्थापित गराउनु छ ।

आश्चर्य त के देखियो भने जेनजी बिद्रोहले २७ घण्टामा भ्रष्टाचारमय बनेको लोकतान्त्रिक गणतन्त्रको जरो किलो नै उखेल्यो, सुशासन अझै रोपियन, कहिले रोप्ने, कहिले फल्ने बालेन ? रास्वपाका सभापति रवि लामिछानेले जनताका माझ उभिएर भनेका थिए- आमा, बालेनले देश बनाउँछ । चुनावी घोषणापत्र र जनतासँग करार गरेकै हो । वर्तमानको यक्ष प्रश्न हो, जनताको अपेक्षा कहिले पूरा हुने ?

चार दशकदेखि संगठितहरु तितरबितर भए, रवि र बालेनको रास्वपाले दुई तिहाई सिट जित्न सफल भयो । त्यो जित परिवर्तनमा देखिनुपर्ने हो । सत्ता बदलियो, जनजीवन बदलिएन । कसले रोक्यो रास्वपालाई, रवि र बालेनलाई । परिवर्तन देखाउने जिम्मेवारी पूरा गर, जवाफदेहीता देखाउ ।

जेनजी विद्रोह भएको वर्षदिनमा ७६ शहिदलाई सम्झेर, श्रद्धाञ्जली दिएर पुग्छ ? शहिदका सपना साकार नभएसम्म गोहीको आँसु बगाएर केही हुन्न । परिवर्तनका लागि बालेनलाई जिताएको हो, परिवर्तन कहाँ छ बालेन ? कर्मकाण्डतिर होइन, यथार्थ देखाउनुपर्छ ।

अति भएको थियो, जेनजी विद्रोहको जगमा पद्धतिगत छटपटी, भविष्यप्रतिको चिन्ताले राजनीतिक गतिलाई यूटर्न जनताले गरेका हुन् । जनता जागेकाले भ्रष्टाचारका किल्लाहरु ध्वस्त भएका हुन् । घरघरमा पीडा थिए, छन् । देशमा गरिखान पाइएन भन्ने युवाको गुनासो छ । विश्वका सामु जनताले इतिहास रचे, त्यो इतिहासका अर्जुन बालेन तिमी हौ । तिम्रो पौरख, सूरवीरता खोई ? समय नघर्कियोस्, बिस्कुन सुकाउने घाम लागेकै बेलामा हो । जुनेली रातमा बिस्कुन सुकाउनु भनेको पुर्पुरोमा हात राखेर पछुताउनुमात्र हुनेछ । जसरी पुरानाहरु आज पछुताइरहेका छन् । रास्वपाले राजनीतिक धारलाई बदल्नुपर्छ ।

जेनजी विद्रोहकै कारण देशको राजनीतिको केन्द्रमा युवा छन् । जुनसुकै पार्टी होस्, ती पार्टीको केन्द्रमा पनि युवा छन् । युवाआवाज अब दबाएर दबिन सक्दैन । परिवर्तनको जनअपेक्षा रवि र बालेनसँग छ । जनताले, जेनजीले महगो मूल्य चुकाइसके । अब परिवर्तन गर्ने, यथास्थिति बदल्ने, नयाँ राजनीतिक पद्धति बसाल्ने जिम्मेवारी रवि र बालेनकै काँधमा छ ।

अहिलेको बालेन सरकारका सामु एउटै यक्ष प्रश्न छ : राजनीति र सुशासन, शान्ति र सम्बृद्धिको नयाँ खाका कोर्ने । क्षमता देखाउने । बालेन जनताले सोधिरहेका छन्, परिवर्तन चाहियो । परिवर्तन खोई भन्नु नपरोस् । काम गर, छिटो गर । समयले कसैलाई पर्खदैन ।

वर्षदिनमा भदौ २३ गते जेनजीलाई श्रद्धाञ्जली दिनु परिवर्तन होइन । सहादत भएका जेनजीले फूलमाला, भाषण खोजेका छैनन्, परिवर्तन देखाउन सके जेनजीको त्याग सफल भएको ठानिने छ । कुनै पनि जेनजीको दिमागमा निराशा देखिनु नपरोस् ।

चार दशकदेखि सत्तामा जुका बनेर बसेकाहरूको साम्राज्य ढाल्न सक्ने जेनजीको प्रेरणामा बालेन सरकारले परिवर्तन दिन्छ दिन्छ । स्मरणरहोस्, एक वर्षमा जेनजी आन्दोलनले सरकार परिवर्तन गरायो, अन्तरिम सरकार जन्मायो, अग्रिम निर्वाचनको बाटो खोल्यो र नयाँ राजनीतिक शक्तिलाई सत्तामा पुऱ्यायो । तर आन्दोलनका मूल सवाल भ्रष्टाचार नियन्त्रण, सुशासन, राजनीतिक जवाफदेहिता र राज्य सञ्चालनको शैलीमा परिवर्तन ल्याउने जवाफ पूरा भएको छैन । अग्निपरीक्षा चलिरहेको छ, सफल हुनुपर्छ । अन्यथा पुराना र नयाँमा के भिन्नता बाँकी रहन्छ र ?

७६ जना जेनजी पुस्ताले ज्यान दिएर आएको हो यो परिवर्तन । परिवर्तनको यो एकवर्षमा अन्तरिम सरकार, चुनाव र चुनावपछि बालेन सरकार देखियो । सरकार परिवर्तन हुनु ठूलो कुरा होइन, यथार्थमा जेनजीको सपना पूरा भयो कि भएन भन्ने हो ।

जन्मेपछि मान्छे मर्छन्, वर्ष वर्ष दिनमा सराध्ये गरिन्छ । पिण्डो दिइन्छ । यसको अर्थ सम्झना गरिन्छ । हामीले असल शिक्षा लियौं कि लिएनौं भन्ने हो । जेनजी पुस्ताले बिद्रोह गर्नुपर्ने कारण के के थिए ? ती जेनजीले सिकाएका र दिएका सन्देशहरु हामीले कति अमल गऱ्यौं, महत्वपूर्ण प्रश्न यो हो । जेनजी पुस्ताले शिक्षा, स्वास्थ्य, आधारभूत आवश्यकताको सहज परिपूर्ति, भ्रष्टाचारको अन्त, भ्रष्टाचारीमाथि कारवाही, सुशासनको प्रत्याभूतिका लागि बिद्रोह गरेका थिए । रास्वपाले पाएको ऐतिहासिक जनादेश र बालेन साह प्रधानमन्त्री बनेको तिनै जेनजीका सपना पूरा गर्न हो । सपना कति पूरा भयो, कति पूरा हुँदैछन् । कहिलेसम्म पूरा हुनेछन् ?

जेनजी विद्रोहको कारण कुशासन र भ्रष्टाचार हो । कुशासनका खम्बाहरु प्रचण्ड, ओली, देउवा, माधव, बाबुरामहरूले सजाय पाएका छैनन् । काई बनेर रहेका भ्रष्टहरु, कुडाकरकट सफाइ गर्नुपर्ने छ । यसमा पनि काम भइरहेको छ । नतिजा आइसकेको छैन । हिजो लुकेका, भागेकाहरु आज टाउको उठाउँदैछन् । यिनले फेरि पनि डस्न सक्छन्, डस्ने क्रम नै हो, बालेनको तीब्र आलोचना ।

बिद्रोह, जेनजी पुस्ताले परिवर्तनको शंखघोष थियो । भ्रष्टाचार र कूशासन विरूद्धको जेनजी विद्रोह, यतिठूलो त्रासदीपूर्ण घटना थियो कि विश्व चकित पऱ्यो । सबैको प्रतिकृया थियो- अब नेपालमा सुशासन आउँछ, सभ्यता बस्छ । यी लक्ष्य हासिल गर्न बालेनको ढाडमा हाड देखिनैपर्छ ।

राजनीतिक विवादको अन्त्य, स्थिरता, सुशासन, भ्रष्टाचारको अन्त गर्न राजासहितका सबै राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकार्य गरेर संविधान संशोधन गरेर पद्धतिलाई जनजीवनमा ढाल्नैपर्छ । जनताले अपनत्व नलिएको कुनै पद्धति टिकाउ हुँदैन ।

यसकारण बालेन ढाल्न खोज्नेहरूलाई ढाल्नुपर्छ । बालेन अर्थात इमान जमान उभिनुपर्छ । देशले खोजेको परिवर्तन यही हो ।



पढथ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

### दम्भ र घमण्डले सरकार टिक्ने आधार खल्बलिन सक्छ ?

*२०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूले नै भाद्र २४ गतेको विध्वसात्मक घटना घटाएको विभिन्न प्रमाणहरूले पुष्टि गरेको छ। जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गतेको विध्वसात्मक घटना पछि मुलुक करिब एक हप्ता सरकार विहिन अवस्थामा पुगेको हुनाले विभिन्न संघ संस्थाहरूले खेल्ने ठाउँ पाएका थिए। मुलुक सरकारविहिन अवस्थामा पुऱ्याउनेहरू को को हुन् भन्ने तथ्य अहिले सम्म ठ्याक्कै पहिचान गर्न रास्वपा नेतृत्वको बालेन सरकारले चाहिरहेका छैन। त्यसैले गर्दा रास्वपा र बालेन सरकारमाथि समेत प्रश्न उठ्न थालेको छ। अहिले बालेन सरकारलाई चुनौती दिने शक्ति को छ र ? २०८२ फागुन २१ गते सम्पन्न भएको निर्वाचनमा पूराना भनिएका दलहरू नेपाली कांग्रेस, नेकपा एमाले सहितका पूरा दल जनमत नपाएर आफैं खुम्चिएका हुनाले उनीहरू नाम मात्रको प्रतिपक्षी दलका रुपमा संसदमा पुगेका छन् भने रास्वपाको प्रतिनिधिसभामा झण्डै दुई तिहाई मत रहेको छ।*

*प्रतिनिधिसभामा रास्वपाको झण्डै दुई तिहाई मत रहेको भएपनि त्यो दुई तिहाई मत भनेको सरकार सञ्चालनका लागि सहज अवस्थामा मात्र हो। प्रतिनिधिसभाबाट विधेयकहरू पारित गर्न सामान्य बहुमत भए पुग्छ, त्यसैले भन्ने गरिन्छ झण्डै दुई तिहाई मतको अवस्था भनेको सामान्य बहुमत सरहको मात्र हो। रास्वपाको राष्ट्रियसभामा उपस्थिति नभएपनि प्रतिनिधिसभाबाट पारित गरिएका विधेयकहरूलाई अहिलेसम्म राष्ट्रियसभाले अस्वीकार गरेको देखिएको छैन। तर पनि रास्वपाका केही सांसद र केही मन्त्रीहरूले नै राष्ट्रिय सभाको विरोध गर्दै राष्ट्रिय सभाकै कारण बालेन सरकारले आफ्नो कार्यसम्पादन गर्न नसकेको आरोप लगाउनु भनेको आफूँ नाच्न नजान्नेले आगन टेडो भन्नुजस्तो मात्र देखिन्छ। प्रतिनिधिसभाबाट गत जेष्ठ १७ गते दुई तिहाईको दम्भ देखएर जबरजस्ती संविधान संशोधन सम्बन्धी विधेयक पारित गरियो के त्यो लोकतान्त्रिक पद्दति अनुसार थियो त ? सो विधेयक पारित गरिँदा किन प्रतिनिधिसभाले राष्ट्रिय सभाको अस्तित्वलाई समाप्त पार्ने गरी विधेयक पारित गरियो ? संविधानले नै संसद भनेको प्रतिनिधिसभा र राष्ट्रियसभालाई स्वीकार गरेको छ तर जान्नेलाई छान्ने भन्ने दलहरूको सांसदहरूले संविधान उल्लंघन गर्दै राष्ट्रिय सभालाई स्वीकार गर्न सकिरहेका थिएनन् भने प्रतिनिधिसभाका सभामुखले समेत राष्ट्रियसभाको अस्तित्व नै समाप्त हुने गरी विधेयक पारित भएको घोषणा गरिनु असम्वैधानिक कार्य थियो। सो कार्यलाई सर्बोच्च अदालतको सम्वैधानिक इजलासले असम्वैधानिक भन्दै राष्ट्रियसभाको अस्तित्वलाई बचाईदिएको छ।*

*लोकतन्त्रमा निर्वाचन जित्नु भनेको सरकार बनाउन पाउने अधिकार मात्र हो। असम्वैधानिक कार्य गर्न पाउने अधिकारको रुपमा त्यसलाई लिइनु किमार्थ उचित हुन सक्दैन। यदि सरकारले बलजस्ती गर्न खोजेको खण्डमा त्यसलाई रोक्न सक्ने अधिकार सभामुखलाई दिएको हुनाले सभामुखले त्यस्ता कार्यलाई रोक्न सक्नुपर्दछ। तर रास्वपाकै नेता सभामुख भएकाल राष्ट्रिय सभाको अस्तित्वलाई असवीकार गर्ने विधेयक पारित गरियो भने त्यसमा समेत सभामुखले सहमति जनाउनु अर्को असम्वैधानिक कार्य र राष्ट्रियसभाको अस्तित्वलाई अस्वीकार गर्नु नै हो। यसरी जान्नेलाई छान्ने दलले घुमाउरो पारामा संविधान र संविधान अनुसार नै गठन भएका संघ संस्थाहरूमाथि प्रहार गर्नु अर्को असम्वैधानिक कार्य हो। निर्वाचनमा जित्नुमात्र ठुलो उपलब्धि होइन त्यो त सरकार बनाउने अधिकार मात्र हो। जनताको विश्वासलाई जोगाई राख्नु नै सरकार टिक्ने ठुलो आधार हो। मतपत्रबाट सरकारलाई शक्ति आउँछ तर सरकारप्रतिको सम्मान सरकारको व्यवहारमा भर पर्दछ। पछिल्लो समयमा सरकारप्रति जनता रुष्ट बन्दै गएका छन्। जनताले सहज रुपमा एउटा ग्यासम्म पैसा तिरेर पाउन सकेका छैनन्। सरकारको आयु केबल चुनावी अंक गणितले मात्र निर्धारण गर्दैन भने सावित त जनताले २०८२ भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन र २४ गते गरेको विध्वसात्मक कार्यले नै देखाईसकेको छ। अहिले त्यही भाद्र २३ को जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरू र भाद्र २४ गते विध्वसात्मक कार्य गर्नेहरूले नै सरकार सञ्चालन गरीरहेका हुनाले अहिलेकै अवस्था कायम रहेमा जनताले फेरी विद्रोह गर्न सक्ने अवस्था जिवितै रहेको छ। शासनको मूल्यांकन जनताको दैनिक जीवनमा गाँसिएको हुन्छ। उनीहरूले आफूहरूले पाउनुपर्ने सेवा सुविधा कति सहज अवस्थामा आउन सक्छन्, त्यसैमा सरकारको मूल्यांकन हुन्छ, त्यसैले गर्दा र विगतमा पनि बहुमतका सकरारहरू ढलेको इतिहास हामीकहाँ नै भएकाले गर्दा जान्नेलाई छान्ने भन्ने दल र उसको नेतृत्वको सरकारले दम्भ र घमण्डलाई त्यागेर सबै राजनीतिक दलहरूको सहयोग र समर्थन लिएर जनताको पक्षमा कार्य गर्दै अघि बढेको खण्डमा मात्र सरकार टिक्न सक्ने आधार बन्न सक्छ भन्ने हामीले ठानेका छौं।*

# बालेन सरकारका घातक 'प्याराडक्स'

**मेखराज उदय**

यो लेख एउटा हिंस्रक मुसाको लोककथाबाट आरम्भ गर्छु । एकजना कृषकले मरेको सुँगुर पानी सुकेको अर्थात् सुक्खा इनारमा फालिदिन्छ । त्यो सुँगुरको मासु खान धेरै मुसा जम्मा हुन्छन् । केही दिन मुसा त्यो सुँगुरको मासु खाएर रमाउँछन् । दिनहरु बित्दै जान्छन् र सुँगुरको मासु सकिन थाल्छ । अन्ततः मासु सकिन्छ र मुसाहरु इनारबाट निस्कने प्रयास गर्छन् । तथापि, इनार धेरै गहिरो भएको हुनाले अथक प्रयासका बाबजुद उनीहरु इनारबाट निस्कन असफल हुन्छन् । जब खाने कुराको अभाव हुन्छ, मुसाहरु एक-अर्कालाई खान थाल्छन् । मुसाहरु मुसा नै खाएर जिउँछन् । एक दिन कृषकले इनारमा हेर्छ, त्यहाँ उसले एउटा मात्रै मुसा जीवित देख्छ । त्यो मुसाको आँखा राता-राता र हेर्दै हिंस्रक देखिन्थ्यो । अन्त्यमा कृषकले उक्त मुसालाई इनारबाट बाहिर निकालेर स्वतन्त्र छाडिदिन्छ । उसले जीवनदान दिनका निम्ति त्यो मुसालाई इनारबाट मुक्त गराएको थिएन । उसलाई थाहा थियो, अब त्यो मुसालाई मुसा खाने आदत वा लत बसिसकेको छ । अब यसले अन्न होइन, अन्य मुसाको सिकार गर्नेछ । यसरी एउटा मुसा अन्य मुसाविरूद्ध हिंस्रक बनाइन्छ ।

दुईतिहाइ बहुमतनिकट बलियो बालेन नेतृत्वको रास्वपा सरकारले करिब आधा वर्ष पूरा गरेको छ । संसदीय मर्यादा, परम्परा तथा अभ्यासबमोजिम सरकारको मूल्यांकन गर्ने समय अझै भएको छैन । तथापि, परम्परागत भाष्यलाई पन्छाएर सरकार कुन दिशातर्फ उन्मुख भएको छ, पुग्न खोजेको गन्तव्य कहाँ हो भन्ने स्पष्ट दृष्टिकोण बुझ्न यति समय पर्याप्त छ । यहाँ बालेन सरकारका घातक 'प्याराडक्स'बारे बहस गरिनेछ । यहाँ पंक्तिकारले विरोधाभासको सट्टा 'प्याराडक्स' शब्दको प्रयोग गर्नुको खास अर्थ छ । अंग्रेजीमा एक बहुउद्धृत दार्शनिक भनाइ छ, 'लेस इज मोर (थोरै नै धेरै हो)' । अर्थात्, कम कुरामा धेरै प्रभाव हुनु हो । यसको मर्म अनावश्यक कुरा हटाएर गुणस्तर, सफलता एवं स्पष्टतामा ध्यान दिनु भन्ने हो । धेरै कुरामा हात हाल्नु वा भिडभाड गराउनुभन्दा सादा, थोरै तथा आवश्यक काम गर्नु बढी प्रभावकारी र राम्रो हुन्छ । प्याराडक्स यस्तो अवस्था वा कथन हो, जहाँ बाहिरबाट हेर्दा वा सुन्दा सुरूमा असम्भव, आत्मविरोधी वा गलतजस्तो लाग्छ, तर गहिरिएर हेर्दा त्यसमा गहिरो सत्य लुकेको हुन्छ । सुकरातको एउटा प्रसिद्ध दार्शनिक भनाइ छ, जसलाई सुकरातको प्याराडक्स भन्ने गरिन्छ, 'मलाई यति मात्र थाहा छ कि मलाई केही पनि थाहा छैन ।' सुकरात (४७०–३९९ इ.पू.) प्राचीन ग्रिकका विख्यात दार्शनिक हुन् ।

केही गम्भीर र दीर्घकालीन समयसम्म मुलुकलाई धार्मिक, साम्प्रदायिक द्वन्द्वमा फसाउने घातक प्याराडक्स निर्माण गर्ने दिशामा सरकारका कतिपय काम र निर्णयले आधार तयार पार्दै गएको देखिन्छ । यस्तो कार्य असंवैधानिक मात्रै होइन, गम्भीर राष्ट्रघातसमेत सिद्ध हुने निश्चित छ । यसर्थ, यस्तो घातक क्रियाकलाप र व्यवहार वेलैमा सच्याइनुको विकल्प छैन ।

यसैबिच जेन-जी विद्रोहको पहिलो वार्षिकी सकिएको छ । ज्ञातव्य रहोस्, रास्वपाले प्राप्त गरेको अभूतपूर्व जनमतको मूल आधार गत भदौ २३, २४ मा भएको ध्वंसात्मक विद्रोह हो । अतः जेन-जी विद्रोहका एजेन्डा तथा उपलब्धि कता पुगे भन्ने प्रश्न उठ्नु स्वाभाविक छ । किनभने, सो आक्रोशको वैधानिक उत्तरदायित्व र जिम्मेवारी बालेन सरकारले लिनैपर्छ । अन्यथा, हिंसा, आगजनी, तोडफोड र वितण्डाको अर्थ वा औचित्य बहालवाला संसद्को विनाआधार र कारण (असंवैधानिकसमेत) विघटन गरी नयाँ संसद्को चुनाव गर्नु मात्रै थिएन, होइन । यसै पनि त्यो विद्रोहका धेरै पाटा अझै रहस्यमय र अदृश्य नै छन् । पुराना, अक्षम तथा मुलुक असफलताका मुख्य जिम्मेवार भनी प्रचार गरिएका कांग्रेस, एमाले र नेकपाको बहिर्गमन तथा नयाँ भनिएका दलको उदयले विद्रोहको स्वतः वा स्वाभाविक पुष्टि गर्दैन ।

तत्कालीन कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा संयोजक पुष्पकमल दाहाल आदि पुराना नेता अयोग्य सिद्ध भए, अब बालेन, रवि लामिछाने, हर्क राई आदिले आफू योग्य रहेको पुष्टि गर्नुपर्छ । पुरानाको अयोग्यता नै नयाँ भनिनेहरूको योग्यता र सक्षमताको स्वतः पुष्टि हुने प्रमाणपत्र होइन । त्यसका निम्ति नयाँ सरकार, संसद् र दलले व्यवहारमै पुष्टि गर्नुपर्छ । कुशासनलाई सुशासनले विस्थापित गर्ने, भ्रष्टाचार र आर्थिक अनियमिततालाई पारदर्शिताले हटाउने, बेरोजगारी तथा शिक्षा र स्वास्थ्य क्षेत्रको लुट अन्त्य गर्ने, न्यायको सर्वसुलभता, युवा र योग्य शासकको माग नै जेन-जी विद्रोहका मूलभूत एजेन्डा हुन् । यी तात्कालिक समस्या हुन् । जातीय, क्षेत्रीय, वर्गीय, लैंगिक आदि विभेदका पहाड भत्काउने महत्वाकांक्षा त्यो विद्रोहको लक्ष्य थिएन । त्यो विद्रोह आकस्मिक जनआक्रोशको परिणति थियो । त्यो युवा आक्रोशलाई स्वार्थी र गलत तत्वले अनपेक्षित आफ्नो स्वार्थअनुकूल भड्काएकामा भने दुईमत छैन ।

मुलुकलाई नयाँ र दीर्घकालीन द्वन्द्वमा फसाउने केही विवादित कामको सुरूवात यो सरकारले गरेको देखिँदै छ । जेन-जी विद्रोहको पहिलो वार्षिक स्मृति सभामा गृहमन्त्री सुधन गुरूङले विवादित धार्मिक गुरूद्वारा कार्यक्रमको उद्घाटन गराए । जुन कार्यले मुलुकमा धार्मिक द्वन्द्व र घृणा फैलाउन राज्यसत्ताको दुरूपयोग गरिएको प्रमाणित हुन्छ । विवादित धार्मिक गुरूले त्यस कार्यक्रमपश्चात् उत्पीडित समुदायका व्यक्तिप्रति लक्ष्यित गर्दै दिएका उत्तेजक अभिव्यक्तिले के संकेत गर्छ ? सयौँ सहिदको बलिदानबाट महत्वपूर्ण संवैधानिक हकका रूपमा प्राप्त गरेको धर्म निरपेक्षताको ठाडो उल्लंघन गरिएको छ । स्मरणीय छ, बालेन शाहले प्रधानमन्त्रीको शपथग्रहण कार्यक्रममा निश्चित धार्मिक पक्षधरता प्रदर्शन गरेर असंवैधानिक कार्यको प्रारम्भ गरेका थिए । सो कार्य धार्मिक द्वन्द्व, घृणा र हिंसा फैलाउने सरकारको पहिलो सन्देश, संकेत वा चेतावनी थियो । जसको साक्षी यो देशका स्वनामधन्य बौद्धिक जमात प्रतिक्रियाविहीन भई बसिदिए ।



त्यति मात्रै होइन, पूर्वी नेपालको हिन्दु-मुस्लिम भिडन्त हुनुमा पनि प्रत्यक्ष-परोक्ष वर्तमान सरकारको कमजोरी जिम्मेवार देखिन्छ । यो राजनीतिक आरोप मात्रै होइन । प्रधानमन्त्री बालेनको शपथग्रहणको धर्म-निरपेक्षताविरोधी कार्य, जेन-जी विद्रोहको स्मृतिसभामा देखिएको व्यवहार तथा गृहमन्त्रीको कोशी प्रदेश भ्रमणलगत्तै भएको धार्मिक मुठभेड तथा निहत्था जनताको राज्यद्वारा हत्या आदि क्रियाकलापले आशंका गर्ने ठाउँ दिएका छन् । बालेन सरकारले धर्म निरपेक्षताविरूद्धको असंवैधानिक गतिविधि तत्काल रोक्नु अत्यावश्यक छ । अन्यथा, मुलुक अन्तहीन धार्मिक द्वन्द्व, घृणा, हिंसा र असुरक्षाको भासमा भासिन बेर छैन ।

नेपाल बहुधार्मिक, जातीय, वर्गीय, क्षेत्रीयलगायत विविधतासहितको मुलुक हो । विभिन्न कालखण्डमा गाभिएका पृथक् समाज, संस्कृति, मूल्य-मान्यता र सभ्यता जीवित छन् । धर्म, भाषा, जातजाति, सम्प्रदाय, मान्यतालाई स्वतन्त्रतापूर्वक जीवन्त रहिरहन पाउने संवैधानिक र नैसर्गिक हक प्राप्त छ । पृथकताका नाममा हुने-गरिने विभेद, असमानता र अपमानको अन्त्य गर्नु लोकतान्त्रिक सरकार र विधिको शासनको कर्तव्य एवं दायित्व हो । उल्टै संविधान, कानुन र राज्यसत्ताको दुरूपयोग हुने गरी प्रधानमन्त्री र सरकार धर्म निरपेक्षताविरूद्ध लाग्नु संविधान र सिंगो मुलुकको हितविपरीत हुन जान्छ ।

वर्णानां ब्राह्मणो गुरूः अर्थात् चारै वर्ण (ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र) का गुरू ब्राह्मण हुन् । यो विख्यात संस्कृत श्लोकको अंश हो । पद्मपुराण, ब्रह्मपुराण, चाणक्य नीति आदिमा यो श्लोक वर्णित छ । धार्मिक, साम्प्रदायिक द्वन्द्वमा मुलुकलाई फसाएर राजनीतिक फाइदा उठाउने अतिवादी षड्यन्त्रबाट जोगिन जरूरी छ । विज्ञान, प्रविधिले चरम विकसित गराएको आजको विश्वमा हामी भने धर्म, जाति, सम्प्रदायका नाममा जनता र मुलुकलाई विभाजन गर्ने वा अनन्त द्वन्द्वमा फसाउने खेलमा लाग्नु मूर्खताबाहेक केही होइन । लेखको आरम्भमा प्रस्तुत हिंस्रक मुसाको कथाजस्तै पर्दापछाडिबाट कोही कसैले आफ्नै मुलुक र समुदायभित्र द्वन्द्व गराउने, एक-अर्काबिच भिडाउने दाउ खोजिरहेका त छैनन् ? नेपाली समाजमा विभेद, असमानता र बहिष्करण छन् । समाजमा एकता, न्याय र भाइचारा स्थापित गर्ने वैज्ञानिक, शान्तिपूर्ण, सम्मानजनक र मानवीय उपाय र विधि अपानाउनुपर्छ । देशमा संविधान, कानुन छन्, त्यसको कार्यान्वयन र विकासबाट समानता, विधिको शासन, न्याय स्थापित गर्न सकिन्छ । अँध्यारो कुनाबाट बुनिएका असंवैधानिक षड्यन्त्रलाई परास्त गर्नु जरूरी छ ।

अन्त्यमा, अरस्तुको मर्मस्पर्शी भनाइसहित लेख टुंग्याऊँ । उनी भन्छन्, 'एक तानाशाहलाई असाधारण रूपमा धार्मिक देखिने नाटक गरिरहनुपर्छ, ताकि मानिसहरु उसलाई ईश्वरका समर्थक मानेर विरोध गर्नबाट डराऊन् ।' अर्का विख्यात दार्शनिक प्लेटो तथा महान् राजा सिकन्दरका गुरू अरस्तु प्राचीन ग्रिकका एक महान् दार्शनिक, वैज्ञानिक र विचारक थिए । उनी पश्चिमी दर्शनका सबैभन्दा प्रभावशाली व्यक्तित्वमध्ये एक मानिन्छन् । संशय छ, कतै बालेन, सुधन र रास्वपा धार्मिक पक्षधरता देखाएर राजनीतिक तानाशाह बन्ने योजनामा त छैनन् ? अन्यथा, यो मुलुकलाई विविधताको सुन्दर र सबैको प्रिय भूमि बन्न दिऊँ । धातक प्याराडक्सतर्फको बाटो मोडौँ । *-नयाँ पत्रिका*

# बाढीपछि लयमा जीवन फर्काउने प्राथमिकता

**नीलम शर्मा**

भदौमा आएको अकल्पनीय बाढीपश्चात् रसुवा, नुवाकोट र आसपासका जिल्लाहरूलाई थलाएको झन्डै एक महिना बित्न लाग्दा पनि त्यस क्षेत्रको जीवन सामान्य हुन सकेको छैन । नुवाकोटको विदुरसम्मको बाटो सहज भए पनि रसुवा पुग्न कठिन छ । राहत र सहयोग प्रशस्त जम्मा भएको छ तर यातायात र अन्य कठिनाइका कारण सबै क्षेत्रमा समान उपलब्धता हुन सकेको छैन ।

बाढी गएको ३ सातापछि हामी त्रिशूलीका केही होल्डिङ सेन्टरमा पुनः पुगेका थियौं । त्रिशूलीमा रहेको एक होल्डिङ सेन्टर पुग्दा २ महिला प्रहरी भर्खरै होल्डिङ सेन्टरको सुरक्षार्थ पुगेका रहेछन् । हरेक होल्डिङ सेन्टरमा महिला प्रहरी राख्ने सरकारको पहल सकारात्मक हो । विस्थापितहरु रहेको एक भवनको आँगनमा केही व्यक्ति एउटा सानो टेन्ट जोड्दै थिए । उनीहरूसँग बुझ्दा महिला प्रहरीको सुत्ने ठाउँ व्यवस्थापन हुँदै रहेछ ।


त्यस क्षेत्रका विस्थापित परिवार बाँडिएर बसेका रहेछन् । केही स–साना टेन्टमा, केही कुखुरापालन गर्दै आएको टहरोमा र केही सामुदायिक भवनमा । यहाँका आश्रितहरु जिल्लाका विभिन्न पालिका र अर्को जिल्लाबाट आएर त्रिशूलीमा ज्यालादारीमा काम गर्नेहरु समेत रहेछन् । तर उनीहरूको नामावली यस पालिकाभित्रका पीडितको लिस्टमा छैन । त्यस्ता परिवारको व्यवस्थापन स्थानीयले भाडामा लिएको जग्गामा गरिरहेका रहेछन् ।

नजिकैको सामुदायिक भवनमा अर्को होल्डिङ सेन्टर रहेछ । दुवै स्थानमा ट्वाइलेट छ तर नुहाउने, लुगा फेर्ने जस्ता ठाउँ छैनन् । बालबालिका र युवाको संख्या ठूलो छ । अपांगता भएका, ह्वीलचियर प्रयोगकर्ता पनि हुनुहुन्छ । सामुदायिक भवनमा रहेका बासिन्दाहरूको अनुहारमा असहजता, अन्योल र पीडा प्रस्ट देखिन्छ । प्रचण्ड गर्मी छ । हलमा तीन वटा सिलिङ फ्यान रहेछन् तर एउटा मात्र चल्दो रहेछ । बालबालिकाको पढाइ के गर्ने ? अब के कसरी गरिखाने ? कति दिन यहाँ बस्ने ? त्यसपछि कहाँ जाने ? भन्नेजस्ता विषयले सबैलाई पिरोलेको छ ।

हामीले महिला र बालबालिकालाई आवश्यक केही सामान लिएर गएका थियौं । त्यहाँ भेटिएका महिलामध्ये कतिले राहत आए पनि प्रभावितहरूसम्म नपुगेको गुनासो गरे । राहत असीमित आएको तर वडामा थन्किएको, समान वितरण नभएको, राजनीतिक भागबन्डा हुन थालेको जस्ता भनाइले राहतको मात्रा (कति पुग्यो, पुगेन) भन्ने मात्र होइन, वितरण प्रणालीको पारदर्शिता र पहुँच महत्त्वपूर्ण पाटो हो भन्नेलाई पुनःप्रमाणित गरिरहेको थियो । कसले कति राहत पायो ? कसरी पायो ? छुटेका व्यक्तिले कहाँ गुनासो गर्ने यस्ता प्रश्नको सार्वजनिक अभिलेख नहुँदा राहतको वास्तविक प्रभाव बुझ्न कठिन छ । जिल्लाका अन्य भागका होल्डिङ सेन्टरमा मनोसामाजिक परामर्श, महिलामैत्री स्थलहरु रहे पनि, हामी पुगेको स्थानमा त्यो देखिएन । उक्त होल्डिङ सेन्टरमा बालबालिका र किशोरीको संख्या उल्लेख्य थियो, त्यसैले सामूहिक र असुरक्षित बसाइ लम्बिँदै गर्दा यसले निम्त्याउन सक्ने जोखिमहरु प्रशस्तै देखिन्थे ।

खाजा खान रोकिएको एक होटलमा चितवनबाट राहत (दाल, चामल) लिएर आएका एक भाइसँग जम्काभेट भयो । तर उनलाई राहत कता बाँड्ने थाहा थिएन । हामीलाई भने एक स्थानीय स्वयंसेवीले सहयोग गर्नुभएको थियो । उहाँ आफैं बाढी प्रभावित हुनुहुन्थ्यो तर निरन्तर सेवामा खटिनुभएको । स्थानीयसँग कुरा गर्दै जाँदा थाहा भयो प्रभावितहरूलाई चामल प्रशस्तै आएको रहेछ । राख्ने ठाउँसमेत नभएको, केही समयपछि चामल कुहिन सक्ने र त्यसपछि फेरि अभाव हुन सक्ने उनीहरूको भनाइ थियो ।

यी सबै कुराहरूबाट प्रश्न उब्जन्छ, राहतले जीवन धान्ने हो कि मानिसलाई आफ्नो खुट्टामा उभिने बाटो पनि दिने ? विपद्पछि मानिसलाई सधैं राहत चाहिँदैन तर उनीहरूलाई आफ्नो काम, आम्दानी, उत्पादन र आत्मनिर्भरता कायम राख्ने अवसर चाहिन्छ । त्यसका लागि तत्काल राहतसँगै जीविकोपार्जनको योजना आवश्यक हुन्छ । र, प्रभावितहरूलाई त्यस्ता योजना र योजना कार्यान्वयनको विश्वास दिलाउन सक्नु पनि मनोसामाजिक राहतभित्र हो । जसको बलियो स्रोत राज्यका निकायहरु हुन् ।



**समुदायमा दिगो पुनः एकीकरणको सवाल**

अहिले होल्डिङ सेन्टरमा बसिरहेका धेरै परिवार आफन्तको सहयोग वा आफ्नै प्रयासमा समुदायमा फर्किसकेका छन् । नुवाकोटको विदुर नगरपालिकाले हरेक परिवारलाई ६ महिनाका लागि मासिक १० हजार घरभाडा दिने निर्णयले पनि स्थानीयलाई केही सहज भएको छ । सर्वस्व गुमाएका कतिपय परिवार काठमाडौंमा आफन्तको काजकिरिया गरिरहेका छन् वा आफन्त कहाँ बसेका छन् । कतिपय परिवार सामाजिक संस्थाको आश्रयमा छन् । यद्यपि, यस्ता परिवारहरु को, कति र कहाँ छन् ? कसको सहयोग वा कुन आधारमा कता पुनःस्थापित भए भन्ने विवरण हरेक स्थानीय निकायसँग हुन जरूरी छ । बाढी प्रभावित क्षेत्रमा जमिन वा घर नहुने, अनौपचारिक क्षेत्रमा श्रम गर्ने र आर्थिक रूपमा कमजोर परिवार नै होल्डिङ सेन्टरमा छन् । र उनीहरु नै सबैभन्दा बढी जोखिममा छन् ।

बाढी आएको करिब एक महिना बित्न लाग्दा पनि होल्डिङ सेन्टर व्यवस्थित हुन नसक्नुले सबै तहका सरकारको भूमिकामाथि प्रश्न उठ्छन् । त्योसँगै बाढी प्रभावित क्षेत्रमा खटिएका असंख्य विपद्केन्द्रित अन्तर्राष्ट्रिय र स्थानीय गैरसरकारी संस्थाहरूको भूमिकामाथि पनि प्रश्न उठ्ने ठाउँ छन् । राहतस्वरूप चामल, दाल पुगेसँगै र कुनै छतको तल बास हुनासाथ सबै जिम्मेवारी पूरा भएको ठहर्छ ? योसँगै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उठेको ठूलो रकम केमा, कहिले र कसका लागि खर्च गर्न पर्खिएको हो भन्ने प्रश्न पनि उब्जन्छ । दीर्घकालील भौतिक संरचना पुनःस्थापना प्राथमिकता निश्चित हो तर प्रभावितलाई तत्काल र आधारभूत सुविधासहित आत्मसम्मानपूर्वक बाँच्न सक्ने वातावरण सिर्जना गर्न सकिँदैन भने जतिसुकै रकम उठे र जस्तासुकै भविष्यका सुन्दर योजना बने पनि के अर्थ रहन्छ ? सरकारका ती योजना र सुविधा ल्याउने बेलासम्म प्रभावितहरूले आफ्नो जीवन कसरी गुजार्ने ? होल्डिङ सेन्टर पुग्दा वा प्रभावितहरूका परिवारसँग प्रत्यक्ष संवाद गर्दा यस्ता धेरै प्रश्न उब्जन्छन् ।

**बाढीमा हराउनेहरूका कथा**

भोटेकोशी बाढीबाट प्रभावित हुने, हराउने र मृत्यु हुनेहरूमा केवल रसुवा, नुवाकोट र आसपासका बासिन्दा मात्र छैनन् । देशैभरबाट त्यस क्षेत्रमा काम गर्ने पर्यटन व्यवसायी, व्यापारी, पर्यटक, कर्मचारी र ठूलो संख्यामा यातायात मजदुर र अनौपचारीक क्षेत्रमा काम गर्ने मजदुरहरु छन् । हामीसँग जाने सवारी चालक अनिशले बाढीमा धेरै साथी गुमाएको सुनाए । यसरी ज्यान गुमाउने र हराउनेहरूका परिवार पीडामा रहेको, खासगरी मजदुर वर्गको कमाउने व्यक्ति गुम्दा परिवार संकटमा परेको छ । रसुवा र नुवाकोटपछि मानवीय क्षति बढी हुने जिल्लामा सिन्धुपाल्चोक (२२९ जना) रहेको तथ्यांक छ । तर यस्ता परिवारका लागि व्यक्तिगत वा सामूहिक तवरबाट सहयोगहरु भए पनि राज्यका तर्फबाट कुनै पहल भएको जानकारी छैन । सम्बन्धित स्थानीय निकायले मृतकको लिस्ट तयार पारेका छन् । तर यस्ता व्यक्तिहरु बाढी प्रभावितको सूचीमा कहाँनेर समेटिन्छन् र राज्यबाट के कस्ता सुविधा वा राहत प्राप्त गर्छन् भन्ने यकिन हुन जरूरी छ ।

**अब के गर्ने ?**

बर्खा सकिए पनि पानी पर्ने क्रम रोकिएको छैन । बाढीग्रस्त क्षेत्रमा रोग फैलिन सक्ने जोखिम उच्च छ । चाडबाड र जाडोको समय नजिकिँदै छ । नागरिकहरु सरकारको ठोस कदमको पर्खाइमा धैर्यताका साथ बसिरहेका छन् । यस्तो अवस्थामा विपद् व्यवस्थापन गर्ने मुख्य निकायले केही कामलाई प्राथमिकतामा राखेर तत्कालै गर्नुपर्ने देखिन्छ ।

धेरै प्राथमिकतामध्ये होल्डिङ सेन्टरको उचित व्यवस्थापन प्रमुख र पहिलो हो । त्यहाँ बसिरहेका परिवार, बालबालिका, वृद्ध, अपांगता भएका व्यक्ति, महिला, दलित परिवारहरु, गरिखाने श्रमिक वर्ग सबैभन्दा जोखिम र पीडामा छन् । त्यस्ता व्यक्तिलाई बाढीपीडित मात्र नभएर देशका सार्वभौम नागरिकका रूपमा व्यवहार गरिनु राज्यको पहिलो र निःसर्त जिम्मेवारी हो । यस काममा स्थानीय निकाय, प्रदेश र संघीय सरकारबीच समन्वयको अभाव देखिनु, स्पष्ट नीति र कार्ययोजना अहिलेसम्म पनि आउन नसक्नु दुःखद छ ।

समुदायमा फर्किएका वा आफन्तसँगै बसिरहेका परिवारको दिगो व्यवस्थापन, आफन्त गुमाएर गहिरो मानसिक आघातमा रहेका व्यक्तिहरूलाई दीर्घकालीन मनोसामाजिक परामर्श र उपचार, बालबालिकाको शिक्षा, जीविकोपार्जन जस्ता कुराहरूको तत्काल कार्ययोजना तयार हुन आवश्यक छ । यस्ता योजना स्थानीय निकायको पहलमा भन्दा पनि तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा हुनुपर्छ । योजना बनाउँदा प्रभावितहरूसँगको परामर्श र सहभागितालाई सुनिश्चित गर्नुपर्छ ।

प्रभावितहरूलाई वर्गीकरण गरी सोहीअनुरूप परिचयपत्र बाँड्ने काम स्थानीय निकायले थालिसकेको छ । तर अन्य जिल्ला वा पालिकाबाट बाढीग्रस्त क्षेत्रमा आई बसोबास गरेका आन्तरिक आप्रवासी कामदारलाई कसरी, कुन आधारमा र कसले सम्बोधन र व्यवस्थापन गर्ने भन्ने अन्योल देखिन्छ । सहयोग प्राप्त गर्न वडाबाट सिफारिस ल्याउनुपर्ने प्रावधानको प्रत्यक्ष असर जिल्ला वा पालिका बाहिरबाट आएर श्रम गरिरहेका परिवारलाई पर्छ । यस्ता परिवारलाई कसरी वर्गीकृत गर्ने भन्ने स्पष्ट खाका र योजना हुनुपर्छ । अन्यथा सबैभन्दा सीमान्तीकरणमा परेको समुदाय नै फेरि पनि बहिष्करणमा पर्न सक्छ ।

योसँगै बाढीबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित मजदुर वर्गलाई प्रभावितहरूको कुन वर्गमा राख्ने र कस्ता सहयोग उपलब्ध हुने भन्ने पनि स्पष्ट हुन जरूरी छ । विगतका अनुभवहरूबाट पनि भन्न सकिन्छ यदि वास्तविक प्रभावितहरूको सही ढंगले पहिचान र वर्गीकरण हुन सकेन भने यसका दीर्घकालीन नकारात्मक असरहरु देखिनेछन् ।

प्रभावित क्षेत्रमा युवा र बालबालिका, महिला (खासगरी किशोरी र बालिका) माथि हुन सक्ने दुर्व्यवहार, बेचबिखन, यौनहिंसा, श्रमशोषण जस्ता जोखिमलाई रोक्न तुरून्तै संरक्षणका कार्यक्रमहरु सुरू गर्न र स्थानीय रूपमा सामुदायिक निगरानी समूहहरूलाई परिचालन गर्न अत्यावश्यक छ । बाढी प्रभावित अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, फरक लैंगिक वा यौनिक पहिचान भएकाहरूलाई समुदायमै सम्मानजनक पुनःस्थापना गर्नेबारे प्रारम्भिक अवस्थादेखि नै सोच्नु आवश्यक छ । साथै भौतिक संरचनाहरु बनाउँदा अपांगता समावेशी हुनुपर्छ । आशा गरौं सबै चुनौतीहरूका बाबजुत सही समयमा विपद् प्रभावितहरूको मानवीय र मर्यादित पुनःस्थापनाका अल्पकालीन र दीर्घकालीन योजना तत्काल कार्यान्वयन हुनेछन् । *-कान्तिपुर*



# भोटेकोशी-त्रिशूली बाढीबाट पर्यटन क्षेत्रमा रु. ५२ अर्ब ६७ करोडको क्षति



काठमाडौं । भोटेकोशी तथा त्रिशूली नदीमा आएको बाढी र त्यसपछि गएको पहिरोबाट नेपालको पर्यटन क्षेत्रमा रू. ५२ अर्ब ६७ करोड ४५ लाख ७६ हजार पाँच सयबराबरको प्रारम्भिक आर्थिक क्षति भएको प्रतिवेदन पेस गरिएको छ।

क्षतिग्रस्त पर्यटन क्षेत्रको पुनरूत्थान तथा भविष्यमा हुने विपतका लागि पूर्वतयारीलाई व्यवस्थित बनाउन पुनरूत्थान योजना मस्यौदा गर्ने जिम्मेवारीसमेत सम्बन्धित समितिलाई दिइएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा सोमबार आयोजित पर्यटन क्षेत्रमा परेको प्रभाव तथा पुनरूत्थानसम्बन्धी प्रतिवेदन प्रस्तुति तथा छलफल कार्यक्रममा नेपाल पर्यटन बोर्डको द्रुत प्रतिक्रिया टोली (क्युआरटी)का संयोजक तथा बोर्डका कार्यकारी सदस्य सहदेव धमलाले प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेका हुन्।

कार्यक्रम संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेल 'गनेस'को उपस्थितिमा सम्पन्न भएको थियो। कार्यक्रममा मन्त्रालयका सचिव मुकुन्द निरौला, सहसचिव तथा शाखा प्रमुख, नेपाल पर्यटन बोर्डका प्रतिनिधि तथा निजी क्षेत्रका प्रतिनिधिको सहभागिता थियो।

प्रतिवेदनअनुसार बाढी तथा पहिरोबाट विशेष गरी रसुवा, नुवाकोट, धादिङ र गोरखालगायतका क्षेत्रमा पर्यटन पूर्वाधार, होटेल तथा पर्यटन व्यवसाय, यातायात पहुँच, पदमार्ग र पर्यटक व्यवस्थापनमा ठूलो क्षति पुगेको छ। क्षेत्रगत रूपमा सबैभन्दा बढी क्षति होटेल व्यवसायमा भएको प्रारम्भिक आकलन गरिएको छ। होटेल क्षेत्रमा रू. १९ अर्ब ५६ करोड चार लाख ४८ हजार, वैदेशिक पर्यटन आम्दानीमा रू. १४ अर्ब ६० करोड २४ लाख ६४ हजार तथा मानव बल एवं पर्यटक व्यवस्थापनमा रू. १२ अर्ब २६ करोड ८४ लाख २४ हजार पाँच सयबराबरको क्षति भएको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै, सम्पदा तथा पर्यटन पूर्वाधारतर्फ रू. १ अर्ब ६६ करोड ४० लाख, सवारीसाधनतर्फ रू. १ अर्ब ५१ करोड ४० लाख ८० हजार, रेस्टुरेन्टतर्फ रू. १ अर्ब ३८ करोड ५० लाख २० हजार र लाङटाङ क्षेत्रमा व्यावसायिक कारोबारतर्फ रू. एक अर्ब २७ करोड ६४ लाख ४० हजारबराबरको क्षति भएको आकलन गरिएको छ।

आन्तरिक पर्यटन राजस्वमा रू. १९ करोड ८७ लाख, न्याफिटङ तथा क्याम्पिङ साइटमा रू. १५ करोड ५० लाख र ट्रेकिङ ट्रेलमा रू. पाँच करोडबराबरको प्रारम्भिक क्षति भएको प्रतिवेदनमा उल्लेख छ।

बाढी तथा पहिरोमा एक हजार ११७ जना नेपाली तथा विदेशी नागरिक प्रभावित तथा सम्पर्कविहीन भएको प्रतिवेदनमा उल्लेख छ। तीमध्ये ३१० जनाको सकुशल उद्धार गरिएको छ भने १३ जना सम्पर्कमा आएका छन्। हालसम्म ७९४ जना सम्पर्कविहीन रहेकोमा ६०६ जना विदेशी र १८८ जना नेपाली रहेको जनाइएको छ। उद्धार गरिएकामध्ये २५८ पुरुष र ५२ महिला छन्।

घटना भएको करिब एक घण्टाभित्रै पर्यटक प्रहरी, ट्राभल तथा ट्रेकिङ कम्पनी र कैलाश-मानसरोवर टुर अपरेटरसँग समन्वय गरी खोज तथा उद्धार कार्य सुरु गरिएको नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक हिक्मत सिंह ऐरले जानकारी दिए।

प्रतिवेदनमा विपतपछिको पर्यटन पुनरुत्थानलाई क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा मात्र सीमित नगरी भविष्यमा देखिन सक्ने जलवायुजन्य जोखिमलाई समेत ध्यानमा राखेर सुरक्षित तथा दिगो पर्यटन प्रणाली विकास गर्नुपर्नेमा जोड दिइएको छ।

बोर्डका वरिष्ठ निर्देशक ऐरले रसुवा क्षेत्रलाई दीर्घकालीन रूपमा 'क्लाइमेट हेरिटेज'का रूपमा विकास गर्ने अवधारणा अघि सारिएको जानकारी दिए। उनले संकटका समयमा प्रभावकारी समन्वय र शीघ्र प्रतिकार्यका लागि बोर्डमा २४सै घण्टा सञ्चालन हुने क्राइसिस सेल तथा क्युआरटीलाई निरन्तरता दिनुपर्ने र त्यसका लागि वार्षिक रू. एक करोडदेखि पाँच करोडसम्म बजेट व्यवस्था गर्नुपर्ने सुझाव दिए।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य तथा निजी क्षेत्रका प्रतिनिधि सहदेव धमलाले बाढी-पहिरोबाट पर्यटन व्यवसाय, होटेल तथा पदमार्गमा ठूलो क्षति पुगेको उल्लेख गर्दै प्रभावित व्यवसायीका लागि तत्काल राहत, कर छुट तथा सहुलियतपूर्ण पुनरूत्थान प्याकेज आवश्यक रहेको बताए।

उनले वैकल्पिक पदमार्ग तथा यातायात पहुँच शीघ्र सञ्चालनमा ल्याउनुका साथै अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपाल सुरक्षित र पर्यटकका लागि खुला रहेको सन्देश प्रभावकारी रूपमा प्रवाह गर्नुपर्नेमा जोड दिए।

छलफलका क्रममा भोटेकोशी बाढीबाट प्रभावित पर्यटन क्षेत्रको पुनरूत्थान तथा पुनर्स्थापनाका लागि आवश्यक कार्ययोजना अघि बढाउने विषयमा छलफल भएको थियो।

साथै, आगामी विपतका समयमा प्रभावकारी समन्वय, शीघ्र प्रतिकार्य तथा पर्यटन क्षेत्रको पुनरूत्थान प्रक्रियालाई थप व्यवस्थित र प्रभावकारी बनाउन पुनरूत्थान योजनाको मस्यौदा तयार गर्ने थप जिम्मेवारी सम्बन्धित समितिलाई मन्त्री पौडेलले दिएका छन्। मन्त्री पौडेलले बाढी प्रभावित क्षेत्रमा अलपत्र परेका पर्यटकको शीघ्र उद्धार तथा क्षतिग्रस्त पर्यटन पूर्वाधारको पुनर्निर्माणलाई सरकारको प्राथमिकतामा राखिएको बताए। उनले नेपाल पर्यटन बोर्ड तथा निजी क्षेत्रसँगको सहकार्यमा तयार हुने संयुक्त कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आगामी पर्यटकीय सिजनअघि प्रमुख गन्तव्यमा सुरक्षा, सञ्चार तथा यातायात पहुँच पुनः स्थापित गर्ने प्रतिबद्धता व्यक्त गरे।

प्रारम्भिक प्रतिवेदनले पर्यटन क्षेत्रमा प्रमाणमा आधारित तथा एकीकृत सूचना प्रवाह, जलवायु-अनुकूल पर्यटन पूर्वाधार, पूर्वसूचना प्रणाली, पर्यटक प्रहरीको विस्तार तथा पर्यटन बिमा प्रणालीको संस्थागत विकास गर्नुपर्ने आवश्यकता औँल्याएको छ।

त्यसैगरी, प्रभावित क्षेत्रको पर्यटन पुनरूत्थानसँगै अन्तर्राष्ट्रिय बजारमा नेपालको पर्यटन प्रवर्द्धनलाई निरन्तरता दिन भारतका दुई सहरमा प्रेस ब्रिफिङ तथा 'नेपाल नाइट' कार्यक्रम सञ्चालन गर्ने प्रस्तावसमेत अघि सारिएको छ।

# फ्लाई दुबईले सुरु गऱ्यो पोखरा-दुबई व्यावसायिक उडान

कास्की । संयुक्त अरब इमिरेट्सको वायुसेवा कम्पनी फ्लाई दुबईले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा बुधबारदेखि व्यावसायिक उडान सुरु गरेको छ । पहिलो उडानमा दुबईबाट एक सय १३ जना पोखरा ओलिएका छन् । सोही उडानमा पोखराबाट भने एक सय ५३ जना यात्रु दुबई गएका छन् । पोखरा आएका र पोखराबाट गएका यात्रुहरूलाई पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसहित पर्यटन व्यवसायीहरूले स्वागत तथा बिदाइ गरेका छन् । २३ सेप्टेम्बरदेखि २४ अक्टोबरसम्म दैनिक उडान गर्ने अनुमति पाएको फ्लाई दुबईले एक सय ५६ सिटे एयरबसमार्फत पोखरामा उडान सुरु गरेको हो । दुई विमानस्थलको हवाई दूरी करिब पाँच घण्टा रहेको छ ।

कम्पनीले गत जेठमा पोखरामा उडान गर्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)बाट अनुमति पाएको थियो । १७ पुस ०७९ मा उद्घाटन गरिएको विमानस्थलमा ११ फागुन ०८० मा इन्स्ट्रुमेन्ट फ्लाइट रूल्स (आइएफआर) लागू भएपछि अन्तर्राष्ट्रिय उडान र रात्रिकालीन उडान गर्न सकिने भएको थियो । १८ फागुन ०७९ देखि रात्रिकालीन उडान सुरू भएको विमानस्थलमा चार्टर्ड उडान भए पनि नियमित अन्तर्राष्ट्रिय उडान भने हुन सकेको थिएन । फ्लाई दुबईले उडान सुरु गरेसँगै केही आशा जगाएको स्थानीय पर्यटन व्यवसायीले बताएका छन् ।


यसअघि पहिलोपटक ६ असार ०८० मा चीनको छेन्दु विमानस्थलबाट आएको सिचुवानको न्यारोबडी ए-३१९ विमानले चार्टर्ड उडानमार्फत पोखरामा पहिलो अन्तर्राष्ट्रिय उडान गरेको थियो । त्यसपछि २३ भदौ ०८० मा भुटानको 'ड्रुक एयर'ले भुटानको पारो अन्तर्राष्ट्रिय विमानस्थलबाट चार्टर्ड उडानबाट नै पोखराबाट पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडान गरेको थियो । पारोबाट चालक दलका सात र तीन पर्यटकसहित १० जना लिएर आएको विमानले पोखराबाट ४२ यात्रु र चालक दलका सात गरी ४९ जना लिएर थिम्पु लिएर गएको थियो । जुन पोखराबाट भएको पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडान हो ।

त्यसपछि चिनियाँ जनमुक्ति सेनाका दुई कार्गो विमान, चीनको कुनमिङ सहरबाट हिमालय एयरलाइन्सको विमान, चीनको छेन्दुबाट सिचुवान एयरलाइन्स, हिमालयन एयरलाइन्सले चीनको ल्हासालगायतका सहरमा विभिन्न मितिमा चार्टर्ड उडान भरेका थिए । पोखरा महानगरपालिकाका मेयर आचार्यले फ्लाई दुबईको उडान सुरु हुनु एउटा उडान थपिने विषय मात्र नभएर पोखरालाई अन्तर्राष्ट्रिय पहिचान, पर्यटन प्रवर्द्धन, आर्थिक गतिविधिको विस्तारसँगै काठमाडौंकेन्द्रित हवाई चापलाई विकेन्द्रीकरण गर्ने ऐतिहासिक अवसरसमेत रहेको बताए । उडान सुरु भएसँगै हवाई मार्गबाट दुबईको माध्यमबाट मध्यपूर्व, युरोप, अफ्रिकालगायतका दुई सय ५० भन्दा धेरै सहरसँग पोखराको पहुँच पुगेको आचार्यले बताए ।

उडानलाई लिएर पोखराका पर्यटन व्यवसायीसमेत उत्साहित भएको नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले बताए ।

खेलकुद

# कराँतेका तेन्जिङले दिलाए एसियाडमा पहिलो पदक



आशा गरिएका अधिकांश खेलाडी पहिलो चरणबाटै बाहिरिएपछि जापानमा जारी २०औँ एसियाली खेलकुदमा नेपालको पदक सम्भावना कमजोर बन्दै गएको थियो । खेलाडीदेखि अफिसियलसम्म निराश हुन थालेका थिए । तर, प्रतियोगिता उद्घाटन भएको पाँचौँ दिन कराँतेका तेन्जिङ शेर्पाले खुसी फर्काए । देशका लागि पदकको खाता खोल्दै उनले कांस्य हात पारे ।

नेपालबाट सहभागी कराँतेका आठमध्ये सात खेलाडी पदकविहीन बनिसकेका थिए । पदकको आशा गरिएका एरिका गुरुङ, मानबहादुर तामाङ र राकेश श्रेष्ठ सेमिफाइनलमा पुगे पनि कांस्य पदकको प्रतिस्पर्धामा पराजित भए ।

नेपालले कराँतेमा प्रतिस्पर्धा गरेका सातमध्ये महत्वपूर्ण ६ विधामा पदक नआएपछि सरकारी अधिकारी, नेपाल ओलम्पिक कमिटीका प्रतिनिधि र कराँते संघकै प्रतिनिधिसमेत बुधबार प्रतियोगिता भइरहेको आइचीको टोयाहासी जिम्नेसियममा उपस्थित थिएनन् । तर, सबैलाई चकित पार्दै २३ वर्षीय तेन्जिङले ८४ केजीमाथिको प्रतिस्पर्धामा पदक जिते । कांस्य पदकका लागि लाओसका भाथाना सायासनसँग भएको भिडन्तमा तेन्जिङले उत्कृष्ट प्रदर्शन गरे । ९-१ को विशाल स्कोरले जित हात पारे । यसअघि सेमिफाइनलमा उनले इरानका महमुद नेमातीसँग प्रतिस्पर्धा गरेका थिए । जसमा उनी ५-० ले पराजित भएका थिए । नेमातीले फाइनल जित्दै स्वर्ण हात पारे ।

तेन्जिङले क्वार्टरफाइनलमा मकाउका लिओङ अन टेकसँग प्रतिस्पर्धा गरेका थिए । अंक जोड्न नसकेपछि दबाबमा रहेका उनी हारनजिक पुगेका थिए । तर, हान्चोकु (गम्भीर नियम उल्लंघन) गरेपछि मकाउका खेलाडी अयोग्य घोषित भए र तेन्जिङलाई जित हात पऱ्यो । यही जितले उनलाई कांस्य पदकसम्म पुऱ्यायो ।

'कराँतेमा अन्तिम प्रतिस्पर्धा थियो । पदक नआएकोमा दबाब पनि थियो । तैपनि स्वर्ण पदक नै जित्छु भनेर एरिना प्रवेश गरेको थिएँ । कांस्य पदक जित्न सफल भएँ,' तेन्जिङले भने, 'निकै खुसी छु । देशका लागि पहिलो पदक जिताउन सफल भएँ ।'

अघिल्लो राति तेन्जिङले सपनामा भैरव देखेका थिए । बिहान उठेपछि उनले काठमाडौंमा रहेकी आमा निरू श्रेष्ठलाई फोन गरेर पूजा गर्न लगाएका थिए । 'राति सपनामा भैरव भगवान् देखेको रहेछ । बिहान उठ्नेबित्तिकै आमालाई फोन गरेर भैरव भगवान्लाई सपनामा देखेको बताउँदै पूजा गर्न लगाएको थियो,' तेन्जिङका रूमपार्टनरसमेत रहेका प्रशिक्षक कुशल श्रेष्ठले भने, 'त्यसले पनि पदक जितिन्छ भनेर आस्था जागेको थियो । अन्तिम दिन सबैको नजर तेन्जिङमै थियो । सफल पनि भयो, धेरै खुसी छौँ ।'

तेन्जिङले चार वर्षदेखि विभागीय टोली एपिएफ क्लबबाट खेलिरहेका छन् । देशका लागि उनको यो तेस्रो पदक हो । एसियाली खेलकुदमा भने उनको पहिलो पदक हो । यसअघि जुलाई २०२६ मा बंगलादेशमा भएको १०औँ दक्षिण एसियाली कराँते च्याम्पियनसिपमा उनले दोहोरो स्वर्ण पदक जितेका थिए ।

# अस्ट्रेलियन सर्टले लुम्बिनी लायन्सबाटै खेल्ने

अस्ट्रेलियाका बायाँहाते ओपनिङ ब्याट्सम्यान डार्सी सर्ट तेस्रो नेपाल प्रिमियर लिग (एनपिएल) २०२६ मा पनि साबिक विजेता लुम्बिनी लायन्सबाटै खेल्ने भएका छन् । लुम्बिनीले बुधबार सामाजिक सञ्जालमार्फत सर्ट अनुबन्ध गरेको जानकारी दिएको हो । सर्टले अस्ट्रेलियाको सिनियर टोलीबाट २३ टी-२०आई खेलमा ६४२ रन बनाएका छन् । सर्टले गत संस्करणमा लुम्बिनीलाई उपाधि दिलाउने क्रममा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

उनको विशेषता नै पावर-प्लेमा खेल आक्रामक रूपमा ब्याटिङ गर्नु हो । सर्टले समग्र टी-२० मा उनले १९७ खेलमा पाँच हजार ९१५ रन बनाएका छन् । बिगबासमा एडिलेड स्ट्राइकर्सबाट दुई सिजन खेलेका उनले होबार्ट हुरिकेन्सबाट सात सिजन खेलेका थिए । उनी होबार्टका सर्वाधिक सफल खेलाडीका रूपमा रहेका छन् । बिगबासको सन् २०१८ र २०१९ को सिजनमा उनी सर्वोत्कृष्ट खेलाडी घोषित भएका थिए ।

एनपिएलको साबिक उपविजेता सुदूरपश्चिम रोयल्सले सिलिक्स होलिडेज प्रालिलाई आफ्नो आधिकारिक ट्राभल पार्टनरका रूपमा अनुबन्ध गरेको छ । नेपालको अग्रणी टुर अपरेटर तथा डेस्टिनेसन म्यानेजमेन्ट कम्पनीका रूपमा रहेको सिलिक्स होलिडेजले प्रतियोगिताभर सुदूरपश्चिमका खेलाडी, प्रशिक्षक, टोलीका पदाधिकारी तथा अधिकारीहरूको सम्पूर्ण यात्रा, यातायात, लजिस्टिक्स र आतिथ्य व्यवस्थापन गर्नेछ । साझेदारीले एनपिएलको आयोजनालाई सहज बनाउन सहयोग गर्नुका साथै नेपाललाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय खेल पर्यटनको उदीयमान गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने उद्देश्यसमेत राखेको छ ।

## धनगढीमा एभरेस्ट बैंकको नयाँ भवन र शाखा सञ्चालनमा

एभरेस्ट बैंकले धनगढीमा शाखा विस्तार गरेको छ । बैंकले धनगढी उपमहानगरपालिका वडा नं ८ क्याम्पस चोकमा आफ्नो १३४औँ शाखा विस्तार गरेको हो । साथै, सुदूरपश्चिममा आफ्नो नयाँ भवनसमेत उद्घाटन गरेको जनाइएको छ ।

त्यसैगरी, सुदूरपश्चिमको प्रादेशिक कार्यालयसमेत हालको स्थानबाट स्थानान्तरण गरी सम्पूर्ण सेवा सोही भवनबाट प्रदान गरिने बैंकले जनाएको छ । यो शाखासँगै सुदूरपश्चिममा बैंकको शाखा संख्या १५ पुगेको छ । धनगढी उद्योग वाणिज्य संघका अध्यक्ष पुष्कर ओझा र बैंकका सञ्चालक समितिका अध्यक्ष डा. बालगोपाल वैद्यले शाखा तथा भवन संयुक्त रूपमा उद्घाटन गरेका हुन् ।

कार्यक्रममा उपमहानगरपालिका- ८ का वडाध्यक्ष जुगराम चौधरी, बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ, बैंकका सुदूरपश्चिम प्रदेश प्रमुख यज्ञराज तिमिल्सिना, बैंकका कर्मचारीलगायतको उपस्थिति थियो । क्याम्पस चोकमा आफ्नै भवनमा शाखा कार्यालय स्थापनासँगै उक्त क्षेत्रको आर्थिक गतिविधि बढ्ने र समग्र आर्थिक विकासमा थप टेवा पुग्ने विश्वास बैंकले लिएको छ ।

## नेपाल बैंक र नेसनल लाइफ इन्स्योरेन्सबिच बिमा सम्झौता

नेपाल बैंक र नेसनल लाइफ इन्स्योरेन्स कम्पनीबिच नेपाल बैंकमा कार्यरत कर्मचारीको जीवन बिमा गर्नेसम्बन्धी सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत दीपेन्द्रराज काफ्ले र नेसनल लाइफका नायब प्रमुख कार्यकारी अधिकृत स्मृतिराज कँडेलले हस्ताक्षर गरेका हुन् । सम्झौता कार्यक्रममा दुवै संस्थाका सम्बन्धित पदाधिकारी तथा अधिकारीको उपस्थिति थियो ।

सम्झौताअनुसार यस बैंकमा कार्यरत कर्मचारीको जीवन सुरक्षालाई लक्षित गरी जीवन बिमा सुविधा उपलब्ध गराइनेछ । कर्मचारीको जीवन तथा आर्थिक सुरक्षालाई थप सुदृढ गर्ने उद्देश्यले गरिएको उक्त सम्झौताले बैंकका कर्मचारीलाई बिमामार्फत थप सुरक्षा तथा जोखिम व्यवस्थापनको सुविधा प्रदान गर्ने विश्वास गरिएको छ । कार्यक्रममा सहभागी पदाधिकारीले कर्मचारीको सुरक्षा, कल्याण तथा दीर्घकालीन हितका लागि जीवन बिमाको महत्व रहेको उल्लेख गर्दै यस प्रकारको सहकार्यले संस्थागत सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे ।

## सिजीको दसैं-तिहार योजनामा एक लाखसम्म क्यासब्याक

इलेक्ट्रोनिक्स ब्रान्ड सिजीले आफ्नो वार्षिक अभियान 'एक्सपिरियन्स लाइफ विथ सिजी'अन्तर्गत बडादसैं र तिहारलाई लक्षित गर्दै 'भरोसा नेपालीको, उत्सव दसैं, तिहारको' चाडपर्व योजना सार्वजनिक गरेको छ । यसको प्रमुख आकर्षण एक लाख दुई हजारसम्मको आकर्षक क्यासब्याक रहेको छ ।

कम्पनीका अनुसार ग्राहकले सिजी तथा सिजी मेरिडियाका टेलिभिजन, रेफ्रिजेरेटर, वासिङ मेसिन, माइक्रोवेभ ओभन, एयर कन्डिसनरलगायतका घरायसी उपकरणको खरिदमा यो छुट प्राप्त गर्न सक्नेछन् । यस सुविधाले चाडपर्वको किनमेललाई उत्साहजनक बनाउनुका साथै ग्राहकलाई उत्कृष्ट बचतको अवसर प्रदान गर्ने कम्पनीले बताएको छ ।

त्यसैगरी, फ्रन्ट लोड वासिङ मेसिन किन्दा ६ केजी सर्फ एक्सेल, टप लोडिङ वासिङ मेसिनमा चार केजी सर्फ एक्सेल, सेमी अटोमेटिक वासिङ मेसिनमा दुई केजी सर्फ एक्सेल प्राप्त गर्न सक्नेछन् । साथै, माइक्रोवेभ ओभन किन्दा कुकिङ किट र एयर कन्डिसनरमा निःशुल्क जडान सेवा उपलब्ध हुने बताइएको छ । यो योजना २६ भदौदेखि सीमित अवधिका लागि लागू गरिएको छ ।

## प्राइम कमर्सियल बैंकको रक्तदान कार्यक्रम

प्राइम कमर्सियल बैंक लिमिटेडले आफ्नो १९औ वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम गरेको छ । बैंकले केन्द्रीय कार्यालयसहित कोशी प्रदेश कार्यालय विराटनगर, मधेश प्रदेश कार्यालय वीरगन्ज, गण्डकी प्रदेश कार्यालय पोखरा, लुम्बिनी प्रदेश कार्यालय बुटवल, कर्णाली प्रदेशको छिन्चु शाखा सुर्खेत र सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी कैलालीमा रक्तदान कार्यक्रम सम्पन्न गरेको हो । कार्यक्रममा ५२२ जनाले रक्तदान गरेका थिए । बैंकका प्रमुख कार्यकारी अधिकृत सञ्जीव मानन्धरले सबै रक्तदातालाई धन्यवाद दिए ।

# कर्पोरेट

## कामना सेवाद्वारा कुमारीपाटीमा यात्रु प्रतीक्षा बेन्च स्थापना

कामना सेवा विकास बैंकले कुमारीपाटी जावलाखेल व्यापार संघको सहकार्यमा कुमारीपाटी-जावलाखेल क्षेत्रमा पाँचवटा प्रतीक्षा बेन्च स्थापना गरेको छ । बैंकले सर्वसाधारण तथा यात्रुको सहजता र सुविधालाई मध्यनजर गर्दै ती प्रतीक्षा-बेन्च स्थापना गरिएको हो । बैंकका काठमाडौं प्रदेश प्रमुख केदारनाथ शर्माको अध्यक्षता तथा संघका अध्यक्ष वीरेन्द्र शाक्यको उपस्थितिमा प्रतीक्षा बेन्च स्थापना गरिएको हो ।

## पुष्पलाल इन्भेस्टमेन्टको आइपिओ बिक्री प्रबन्धकमा लक्ष्मी सनराइज क्यापिटल

पुष्पलाल इन्भेस्टमेन्ट कम्पनी लिमिटेडले सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) जारी गर्ने भएको छ । आइपिओ बिक्री प्रबन्धक तथा निष्कासकमा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडलाई नियुक्त गरिएको हो । निष्कासनसम्बन्धी सम्झौतापत्रमा क्यापिटलका तर्फबाट अध्यक्ष राजीव सापकोटा, प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठ र पुष्पलाल इन्भेस्टमेन्टका तर्फबाट अध्यक्ष लालप्रसाद सावा लिम्बूले हस्ताक्षर गरेका हुन् । कम्पनीले एक सय अंकित दरमा १५ करोड रूपैयाँबराबरको १५ लाख कित्ता सेयर निष्कासन गर्नेछ ।

## एनआइसी एसिया बैंकद्वारा कैलालीका तीन विद्यालय र मामाघर नेपाललाई सहयोग

एनआइसी एसिया बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कैलालीका तीन विद्यालय र मकवानपुरस्थित मामाघर नेपाललाई सहयोग गरेको छ। बैंकले टीकापुरका श्री सेती मैयाँ चौधरी माध्यमिक विद्यालयलाई एक ल्यापटप, चार डेस्कटप कम्प्युटर र एक प्रिन्टर, वीरेन्द्र विद्यामन्दिर माध्यमिक विद्यालयलाई दुई ल्यापटप, पाँच डेस्कटप कम्प्युटर र एक प्रिन्टर तथा श्री भानुभक्त राष्ट्रिय आधारभूत विद्यालयलाई एक ल्यापटप र एक प्रिन्टर प्रदान गरेको हो। त्यस्तै, हेटौँडास्थित मामाघर नेपाललाई आश्रममा आश्रित बालबालिकाका लागि आवश्यक खाद्यान्न तथा सरसफाइ सामग्री उपलब्ध गराइएको बैंकले जनाएको छ। बैंकका अनुसार सहयोगबाट विद्यालयको पठनपाठनमा सहजता हुनुका साथै मामाघरमा आश्रित बालबालिकाको बसाइ थप सहज हुने अपेक्षा गरिएको छ।

## कन्टेन्ट क्रिएटर र ब्रान्डलाई एआईमार्फत जोड्ने प्लाटफर्म 'इनमार्क' सञ्चालनमा

कन्टेन्ट क्रिएटर र व्यावसायिक ब्रान्डलाई जोड्ने एआईमा आधारित नयाँ प्लाटफर्म 'इनमार्क' सञ्चालनमा आएको छ । काठमाडौंमा आयोजित एक कार्यक्रममार्फत क्रिएटर इकोनोमी र डिजिटल मार्केटिङलाई व्यवस्थित गर्ने 'अल-इन-वन अपरेटिङ सिस्टम'का रूपमा यो प्लाटफर्म सार्वजनिक गरिएको हो । विश्वव्यापी रूपमा चार खर्ब डलरबराबरको क्रिएटर इकोनोमी नेपाललगायत विश्वभर अझै पनि धेरै हदसम्म म्यानुअल प्रक्रियामै निर्भर छ । कन्टेन्ट क्रिएटरले स्पोन्सरसिप पाउन सामाजिक सञ्जालमा म्यासेज पठाउने, व्यक्तिगत पहुँच खोज्ने र पारिश्रमिकमा मोलमोलाइ गर्नुपर्ने झन्झट व्यहोर्दै आएका छन् । इनमार्कले यी सम्पूर्ण समस्या समाधान गर्दै डेटा र एआई इन्टेलिजेन्सको मद्दतले क्रिएटर र ब्रान्डलाई सिधै जोड्ने काम गर्ने बताइएको छ ।

इनमार्कमा आबद्ध भएपछि कन्टेन्ट क्रिएटरले काम खोज्न समय खेर फाल्नु नपर्ने कम्पनीले जनाएको छ । एआईले क्रिएटरको कन्टेन्ट शैली, पुराना क्याम्पेन र दर्शकको विश्लेषण गरी उपयुक्त ब्रान्डहरूसामु प्रोफाइल सिधै पुर्‍याउनेछ । साथै स्क्रिप्ट लेखन, कन्टेन्ट अप्टिमाइजेसन, एसइओ तथा स्वचालित रिपोर्टिङमा समेत एआईले सहजीकरण गर्ने बताइएको छ । मूल्य निर्धारण, सम्झौताका सर्त र कन्टेन्टको बौद्धिक स्वामित्व प्लाटफर्ममै सुरक्षित रहने भएकाले क्रिएटरहरूले परम्परागत प्लाटफर्म मोनिटाइजेसनभन्दा माथि उठेर ब्रान्ड सहकार्यमार्फत नियमित आम्दानी गर्न सक्नेछन् ।

## मुक्तिनाथ बैंक र केजिएच ग्रुप अफ होटेल एन्ड रिसोर्टबिच व्यावसायिक सम्झौता

मुक्तिनाथ विकास बैंक लिमिटेडले आफ्ना ग्राहकलाई थप सेवा तथा सुविधा उपलब्ध गराउने उद्देश्यले केजिएच ग्रुप अफ होटेल एन्ड रिसोर्टसँग व्यावसायिक सम्झौता गरेको छ। सम्झौताअनुसार मुक्तिनाथ विकास बैंकका ग्राहकले केजिएच ग्रुप अफ होटेल एन्ड रिसोर्टअन्तर्गत काठमाडौंस्थित माया मनोर बुटिक होटेल तथा पोखरास्थित वाटरफ्रन्ट रिसोर्ट र हिमालयन फ्रन्ट रिसोर्टका विभिन्न सेवामा १० देखि ३० प्रतिशतसम्म विशेष छुट प्राप्त गर्न सक्नेछन्।

त्यस्तै, १० जनाभन्दा बढीको समूहमा बुकिङ गर्दा एकजनाका लागि बस्ने सुविधा निःशुल्क उपलब्ध गराइने बैंकले जनाएको छ। उक्त छुट तथा सुविधा प्राप्त गर्न बैंकका ग्राहकले मुक्तिनाथ विकास बैंकको मान्य डेबिट कार्ड वा प्रिभिलेज कार्ड पेस गर्नुपर्नेछ। साथै, बैंकको मोबाइल बैंकिङमार्फत भुक्तानी गर्ने ग्राहकले पनि उक्त सुविधा प्राप्त गर्न सक्नेछन्।

यसैबिच, मुक्तिनाथ विकास बैंकले आधारदरमा शून्य प्रतिशत प्रिमियममा समेत लगानी गर्न सकिने अटो लोन सञ्चालनमा ल्याएको जनाएको छ।

## बुटवलमा जिडब्लुएमको सोरुम, ओरा ५ र हावल जोलिन इभी सार्वजनिक

ग्रेटवाल मोटर (जिडब्लुएम)को सोरूम बुटवलमा सञ्चालनमा आएको छ । इभी सवारीसाधनको बिक्री ताथ सेवा विस्तार गर्ने क्रममा कम्पनीले बुटवलको कालिकानगरमा नयाँ सोरूम सञ्चालनमा ल्याएको हो । भिजी इम्पेक्स प्रालिअन्तर्गत जिडब्लुएमका अधिकृत क्षेत्रीय साझेदार सहर्ष इन्टरप्राइजेजले सोरूम सञ्चालनमा ल्याएको हो । नयाँ सोरूम उद्घाटनसँगै ओरा ५ एसयुभी र हावल जोलिन म्याक्स इभी एसयुभी पनि सार्वजनिक गरिएको कम्पनीले जनाएको छ ।

नयाँ सोरूमबाट बिक्रीसँगै सर्भिस तथा स्पेयर पार्टस्को सुविधा उपलब्ध हुनेछ । बुटवल तथा लुम्बिनी प्रदेशमा बढ्ता इभीको मागलाई लक्षित गर्दै सोरूम विस्तार गरिएको कम्पनीको भनाइ छ ।

ओरा ५ मा ५२० किमिसम्म रेन्ज, फाइभ स्टार एनक्याप तथा युरो एनक्याप सुरक्षा रेटिङ, २०० मिलिमिटर ग्रान्ड क्लियरेन्स र २० भन्दा बढी लेभस टु एआड फिचर छन् । यसको सुरूवाती मूल्य ४८ लाख ४९ हजार रूपैयाँ तोकिएको छ । त्यसैगरी, हावल जोलिनमा ५८.३ किलोवाटको ब्याट्री, डब्लुएलटिपीअनुसार चार सय किमिभन्दा बढीको रेन्ज, १९० मिलिमिटर ग्राउन्ड क्लियरेन्स, १४.६ इन्च टचस्क्रिन र भिटुएल सुविधा छन् । यसको अफर मूल्य ५९ लाख ९९ हजार नौ सय ९९ रूपैयाँ तोकिएको कम्पनीले जानकारी गराएको छ ।

सहर्ष इन्टरप्राइजेजका अध्यक्ष केहरसिंह खड्काले बुटवल तथा लुम्बिनी प्रदेशका ग्राहकलाई बिक्रीसँगै भरपर्दो सर्भिस तथा स्पेयर पार्टस् सुविधा उपलब्ध गराउने उद्देश्यले सोरूम सञ्चालनमा ल्याइएको जानकारी दिए । दुवै मोडेलका लागि बुकिङ तथा टेस्ट ड्राइभ खुला गरिएको हो । ग्राहकले कालिकानगरस्थित सोरूममा पुगेर सवारीसाधनबारे जानकारी तथा टेस्ट ड्राइभको अनुभव लिन सक्नेछन् ।

## कजारियाको डिलर नेटवर्क विस्तार

टायल ब्रान्ड कजारिया रमेश टायल्स लिमिटेडले आधिकारिक डिलर नेटवर्क विस्तार गर्दै प्राधान हार्डवेयर ग्यालरी सञ्चालनमा ल्याएको छ । नयाँ डिलरको सुरूवातसँगै घर, व्यावसायिक भवन तथा विभिन्न निर्माण परियोजनाका लागि गुणस्तरीय र आधुनिक टायल समाधान खोज्ने ग्राहकहरूमाझ कजारियाका उत्पादनहरूको पहुँच थप सहज हुने भएको छ ।

ग्यालरीको औपचारिक उद्घाटन कजारियाका निर्देशक हिमांशु अग्रवाल तथा मिस नेपाल वर्ल्ड २०२६ सुश्री दीपमाला ढकालको प्रमुख आतिथ्यमा भएको हो । समारोहमा कजारिया रमेश टायल्स लिमिटेड तथा प्राधान हार्डवेयर ग्यालरीका प्रतिनिधि, निर्माण तथा इन्टेरियर क्षेत्रसँग सम्बन्धित व्यवसायीहरु र स्थानीय ग्राहकको उपस्थिति रहेको थियो ।

उपभोक्ताको आवश्यकता र बदलिँदो डिजाइन ट्रेन्डलाई ध्यानमा राखी सञ्चालनमा ल्याइएको यस डिलरमा कजारियाका वाल तथा फ्लोर टायल्सका विभिन्न प्रिमियम कलेक्सन उपलब्ध हुने कम्पनीले जनाएको छ । एउटै स्थानबाट विभिन्न आधुनिक डिजाइन, टेक्सचर, फिनिसिङ तथा साइजका टायल्स अवलोकन गर्दै आफ्ना व्यक्तिगत रूचि, स्थानको आवश्यकता तथा परियोजनाअनुसार उपयुक्त टायल छनोट गर्न सकिने बताइएको छ ।

## पर्यटन प्रवर्द्धन गर्न नेपाल-जापान सांस्कृतिक महोत्सव आयोजना हुँदै

नेपाल र जापानबिच कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औँ वर्षगाँठका अवसरमा 'नेपाल-जापान महोत्सव, २०२६' आयोजना हुने भएको छ । उक्त महोत्सव नेपाल-जापान महोत्सव कार्यकारी समितिको आयोजनामा हुन लागेको बताइएको छ ।

महोत्सवमार्फत नेपाल तथा जापानी संगीत, कला, संस्कृति र जनस्तरको सम्बन्धमार्फत आपसी मित्रता, सद्भाव र ऐक्यबद्धता प्रवर्द्धन गरिने बताइएको छ । कार्यक्रमको मुख्य आकर्षकका रूपमा प्रख्यात जापानी ब्यान्ड गोडिगोवीको विशेष सांगीतिक प्रस्तुति रहनेछ । सन् १९८० मा दशरथ रंगशालामा ऐतिहासिक कन्सर्ट गरेको चार दशकभन्दा बढी समयपछि यो ब्यान्ड पुनः नेपाल फर्किन लागेको हो ।

## आर्थिक सशक्तीकरणका लागि सामूहिक पहल

दक्षिण एसियाका महिलाको आर्थिक सशक्तीकरणका लागि सामूहिक पहल तथा क्षेत्रीय सहकार्य गर्न यस क्षेत्रका महिलाले कार्यदिशा तय गरेका छन् । दक्षिण एसियाली महिला विकास मञ्च (एसएडब्लुडिएफ)ले फेम परियोजनाअन्तर्गत आयोजना गरेको दुईदिने क्षेत्रीय नीति संवाद तथा पैरवी कार्यशालाका सहभागीले यस्तो कार्यदिशा तय गरेका हुन् । काठमाडौंमा ५-६ असोजमा आयोजित कार्यशालामा बंगलादेश, नेपाल, पाकिस्तान, श्रीलंका, भारत, माल्दिभ्स र भुटानका गरी २० जना प्रतिनिधिको सहभागिता रहेको थियो । कार्यशालाले क्षेत्रीय पैरवीका सिफारिस तथा आगामी कार्यदिशा तय गरेको हो ।

कार्यक्रममा मञ्चकी अध्यक्ष प्रमिला आचार्य रिजालले महिलाको आर्थिक सशक्तीकरणलाई अघि बढाउन सामूहिक क्षेत्रीय पैरवीको आवश्यक रहेको बताइन् । नेपालका लागि फ्रान्सका मनोनीत राजदूत महामहिम फ्रान्स्वाँ पुइग-इन्जाले आर्थिक विकासका लागि आर्थिक अवसर तथा नारीवादी नागरिक समाजका संस्थाहरूको भूमिकालाई अझ सुदृढ बनाउनुपर्ने बताइन् ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयकी उपसचिव अन्जु पोखरेलले महिलाको हकहितको पैरवी गर्दा केवल केन्द्रीय तहमा मात्र सीमित नभई स्थानीय तथा प्रादेशिक तहमा पनि ध्यान दिनुपर्ने आवश्यकतामाथि जोड दिइन् ।

## दुबईमा घिउ निर्यातपछि डिडिसी याक चिज थाइल्यान्ड निर्यात सुरु

दुग्ध विकास संस्थान (डिडिसी)ले हिमाली याकबाट उत्पादित चिज थाइल्यान्डमा निर्यात गर्न थालेको छ । निजी क्षेत्रसँगको सहकार्यमा औपचारिक च्यानलबाट बैंककमा पहिलो खेपबापत ३० किलो याक चिज निर्यात भएको डिडिसीका महाप्रबन्धक डा. शरण पाण्डेले जानकारी दिए । उनका अनुसार बैंककमा रहेका नेपाली समुदायले सञ्चालन गरेका रेस्टुरेन्टलक्षित निर्यात सुरू भएको हो । 'थाई नागरिकहरूले चिज धेरै नै मन पराउने गरेको पायौँ । त्यसैले, पहिलो चरणमा परीक्षणका लागि ३० किलो याक चिज पठाएका छौँ,' उनले भने, 'आउँदा दिनमा माग बढेअनुसार थप परिमाण निर्यात गर्न सकिन्छ ।'

प्रधानमन्त्री बालेन्द्र शाहले केही समयअघि याक चिजकै प्रवर्द्धन गरेका थिए । प्रधानमन्त्रीकै सक्रियतामा डिडिसी उत्पादनको प्रचारप्रसार भएपछि कर्मचारीले उत्पादन वृद्धि गरेर बजार बढाउने काम गरिरहेका छन् । महाप्रबन्धक पाण्डेकै सक्रियतामा डिडिसीको घिउ पहिलोपटक दुबईसमेत निर्यात भएको थियो ।

डिडिसीले याक चिज वार्षिक ६० हजार किलोभन्दा बढी उत्पादन गर्ने गरेको छ । याक चिज नेपाल आउने विदेशी पर्यटकले धेरै मन पराउने भएकाले ठुला होटेल, रेस्टुरेन्ट र हिमाली तथा पहाडी पर्यटकीय क्षेत्रमै खपत हुने गरेको छ ।

## लोकप्रियतावाद...

टिक्न सक्दैन । २०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूले भाद्र २४ गते मुलुकभरमै विध्वसात्मक कार्य गरेका हुनाले उनीहरूले नै फागुन २१ गते भएको निर्वाचनमा जित हाँसिल गरेका हुन् । भाद्र २३ गतेको घटनामा संलग्न भएका अधिकांश व्यक्तिहरु रास्वपामै प्रवेश किन गरे त ? त्यसको एउटै जवाफ हुन सक्छ लोकप्रियताबादकै कारण । काठमाडौ महानगरका तत्कालिन मेयर बालेन साह मेयर हुँदै गर्दा उनी लोकप्रिय रहेका थिए । उनलाई लोकप्रिय बनाउन विभिन्न किसिमका प्रयास गरिएको थियो ।

मेयर पदमै रहँदा उनले सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने अभिव्यक्ति दिएका थिए । त्यही अभिव्यक्तिका कारण तत्कालिन सत्ता विरूद्ध रहेका व्यक्तिहरु समेत बालेनको पक्षमा वकालत गर्न थालेका थिए । काठमाडौ महानगरको मेयर हुँदा उनले केही राम्रा काम समेत गरेका थिए तर उनी प्रत्यक्ष रूपमा जनताको सम्पर्कमा कहिल्यै आएनन् भने अहिले प्रधानमन्त्री रहँदा समेत उनले आफैँलाई प्रधानमन्त्री बनाउने संसदलाई समेत उपेक्षा गर्दै आएका छन् ।

संसदीय व्यवस्थामा प्रधानमन्त्री नै संसदको नेता हुन् तर उनी संसदमा उपस्थित भएर सांसदहरूले उठाएको प्रश्नको जवाफसम्म दिन चाहाँदैनन् त्यसको एउटै कारण हुन सक्छ उनलाई अहिले प्रधानमन्त्री बनाउने अमूक व्यक्ति र संस्था रहेका छन् भनेर । लोकप्रियतावादकै कारण निजी क्षेत्रका सञ्चारमाध्यममा सरकारले आर्थिक नाकाबन्दी गरेको छ । त्यो नै सरकारको लागि अभिषाप बन्न सक्छ ।

लोकप्रियतावादले मानिसलाई अन्धभक्त बनाउँछ । सत्तामा रहेका बेला सबै सरकारी संयन्त्रहरूलाई जसरी भएपनि आफ्नो पक्षमा लिने सम्वैधानिक निकायदेखि अदालतसम्मलाई आफ्नो नियन्त्रणमा राख्न खोज्ने, भएका संघ संस्थाहरूलाई समेत आफ्नो प्रभावमा पारेर पार्टीगत र व्यक्तिगत स्वार्थ पूरा गर्न खोज्ने प्रवृत्ति नै लोकप्रियतावादको पहिलो खुड्किलो हो । केही समयका लागि लोकप्रियतावादमा रमाउँदैगर्दा अर्कोतर्फ आफ्नो हैसियत गुम्दै गएको लोकप्रियतावादका हिमायतीहरूलाई थाहै हुँदैन । त्यसैले उनीहरु नराम्रोसँग फस्न सक्ने सम्भावना देखिन्छ । कुनै बेला नेकपा एमालेका अध्यक्ष केपी ओलीलाई भेट्न लाखौँ मान्छे सडकमा उत्रेका थिए । त्यसबेला ओली मुलुकभरमै चर्चाको शिखरमा थिए । तर उनलाई समेत तिनै लोकप्रियतावादी बनाउन उक्साउने व्यक्तिहरु नै अहिले ओलीबाट टाढिँदै गएका छन् त्यसको एउटै कारण हो अब ओलीबाट कुनै फाइदा लिन सकिँदैन भनेर ।

संविधानप्रति बालेन साहले संविधान दिवसको अवसरमा संविधानको अक्षर र मर्मप्रति आफू प्रतिवद्ध भएको बताएका भएपनि अहिलेसम्मको उनको व्यवहारबाट त्यस्तो देखिँदैन । उनी संसदमा उपस्थित नहुने सांसदले उठाएका प्रश्नको जवाफ नदिने, आफ्नै मुलुकको हित विपरितको नेपालले समेत भारतको भूमि मिचेको छ भन्ने अभिव्यक्ति दिने तर कहाँ कहाँको भूमि नेपालले मिचेको छ भनेर संसदमा सांसदहरूले प्रश्न सोध्दा प्रश्नको जवाफ नदिने, सम्वैधानिक निकायहरूमाथि हस्तक्षेप गर्ने लगायतका तमाम कार्य प्रधानमन्त्री बालेनबाट भएका हुनाले उनी लोकप्रियतावाद कति अगाडि रहेछ भन्ने प्रमाणित हुँदै गएको छ ।

क्षणिक समयका लागि लोकप्रियतावाद सुखद देखिएपनि लामो समयसम्म लोकप्रियतावाद टिक्न सक्दैन भन्ने प्रमाण त झापा ५ बाट एमाले केपी ओली पराजित हुनु भएकाले नै प्रमाणित गरेको छ । कुनै समय ओलीलाई भगवान् मान्नेहरु र आफ्नो स्वार्थ पुरा गर्नेहरु नै अहिले ओलीको विरूद्धमा खनिएका छन् । भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई देखाएर भाद्र २४ गते मुलुकभरमै आगजनी गर्नेहरूले अहिले त्यही लोकप्रियतावादलाई अंगिकार गरेका हुनाले केही समयपछि नै उनीहरु त्यही लोकप्रियतावादको शिकार हुन सक्छन् भन्ने हेक्का प्रधानमन्त्री बालेन र बालेन सरकारलाई होस् ।

## बालेन...

प्रस्तुत हुँदै आफ्ना राजनीतिक प्रतिद्वन्द्वीहरूलाई प्राय स्थापित भ्रष्टाचारका संरक्षकको रूपमा प्रस्तुत गर्ने गर्दछन् ।

अहिले बालेन सरकार र रास्वपा त्यही बाटोमा लागेको प्रष्ट हुँदै गएको छ । अहिले नागरिकले आफ्नो लोकतान्त्रिक संस्थाहरु प्रभावहिन अनुत्तरदायी वा विशेष स्वार्थ समूहद्वारा नियन्त्रित भएको महसुस गर्दछन् त्यसबेला लोकप्रियताबाद फस्टाउने सम्भावना बढी हुन्छ भने नेपाली जनताले बुझ्न नसक्नुको परिणाम नै लोकप्रियतावाद फस्टाइरहेको छ । पछिल्लो समयमा प्राय सबै क्षेत्रमा लोकप्रियतावाद हावी भएको छ ।

कर्मचारीतन्त्रमा धम्की, न्यायाधिश नियुक्तिमा हेरफेर अदालतको संरचना परिवर्तन, निजी क्षेत्रका सञ्चारमाध्यममा हस्तक्षेप गरी आर्थिक नाकाबन्दी लगाउने सरकारी निर्णय र अदालतलाई आफ्नो स्वार्थमा प्रयोग गर्ने क्रम जारी रहेको छ । शक्ति सन्तुलनलाई नियन्त्रण गरेर सत्ताको स्वार्थ अनुसार सञ्चालन गर्न खोज्नु लोकतान्त्रिक व्यवस्थाका लागि कहिल्यै सुखद मान्न सकिँदैन ।

संविधान दिवसको अवसरमा प्रधानमन्त्री बालेनले संविधानको अक्षर र मर्म प्रति प्रतिवद्धता भएको बताएका भएपनि व्यवहारमा उल्टो भएको देखिन्छ । संविधानप्रति प्रतिवद्ध भएको भए विपक्षी दलहरूलाई र विपक्षी दलका नेताहरूलाई फेसबुकमा स्टाटस लेख्दै यस्तो गाली गलौज गर्ने थिएनन् होला । राजनीतिक दललाई एक पटक जनताले दिएको बहुमत सँधैभरीलाई हुन सक्दैन ।

यसभन्दा अघि पनि राजनीतिक दलहरूले बहुमत पाएका थिए तर उनीहरूले त्यसलाई जोगाई राख्न र जनताको मन जित्न सकेनन् । पटक पटक मध्यावधि निर्वाचन भए/निर्वाचन भनेको जनताको मन जित्ने प्रमुख माध्यम हो । निर्वाचनमा बहुमत पाउनु भनेको आफूलाई जे मत लाग्छ त्यही गर्नु होइन । बहुमत पाउनु भनेको सरकार बनाउने अधिकार पाउनु मात्र हो तर अधिकार पायौँ भनेर तिनै जनताको हित विपरितका कार्य गर्न जनताले दिएको मतको अपमान गर्नु बाहेक अन्य केही हुन सक्दैन । बहुमत पाउनु भनेको जनताको दैनिक समस्याहरु समाधान गर्ने आधार बनाउनु हो तर के बालेन सरकार र रास्वपाले अहिले जनताले उठाएका समस्याहरु समाधान गऱ्यो त ? रास्वपा नेतृत्वको बालेन सरकारले निजी क्षेत्रका सञ्चार माध्यममाथि प्रहार गरेर निजी क्षेत्रका छापा माध्यमलाई आर्थिक नाकाबन्दी लगाएको छ । लोककल्याणकारी विज्ञापनको रकम संसदबाटै पारित भएको भएपनि बहुमतको दम्भमा बालेन सरकारले आफूखुसी कार्यविधि बनाएर निजी क्षेत्रका सञ्चारमाध्यमलाई दिने लोककल्याणकारी रकममा आधा कटौती गरेको छ ।

लोककल्याणकारी विज्ञापन २०१६ सालदेखि दिँदै आएको थियो । राजनीतिक परिवर्तनमा निजी क्षेत्रका सञ्चारमाध्यमले खेलेको भूमिकालाई बालेन सरकारले वेवास्ता गरेर आर्थिक नाकाबन्दी लगाउनु भनेको आफ्नै खुट्टामा सरकारले बञ्चरो प्रहार गर्नु सरह हो ।

## प्रश्नको...

सांसदहरूको प्रस्तुती फरक हुनपर्ने बताउँदै संसदमा प्रश्नमात्र उठाएर सांसदहरूले समाधानको बाटो नपहिल्याएको कुरा नै उठाएको बताउँदै प्रश्नै प्रश्नले गर्दा सरकारलाई काम गर्न गाह्रो भएको छ भन्ने अभिव्यक्ति समेत दिएको एक सांसदले बताएका छन् । प्रधानमन्त्री बालेन संसदमा विरलै उपस्थित हुने भएकाले उनले सांसदले उठाएको प्रश्न के हुन् भन्ने सम्म थाहा नपाउने र सांसदहरूले उठाएका प्रश्नको उत्तर समेत नदिने भएकाले गर्दा संसदको गरिमा कमजोर मात्र भएको छैन, सरकारले नै संसदहरूलाई उपेक्षा गरेको जस्तो देखिएको छ । संसद भनेको जनताका प्रश्न उठाउने ठाउँ हो भन्ने प्रश्न उठिसकेपछि प्रधानमन्त्री र सम्बन्धित मन्त्रीहरूले त्यस्तो प्रश्नको उत्तर सांसदहरूलाई दिनुपर्ने विश्वव्यापी सिद्धान्त रहेको भएपनि बालेन सरकार गठन भएपछि त्यो परम्परा तोडिएको जस्तो देखिएको छ । जनताका प्रश्न उठाउने ठाउँ नै संसद हो । जनताले भोग्नु परेको समस्याहरु सांसदहरूले संसदमा उठाउने गरेका हुनाले त्यस्ता प्रश्नको जवाफ प्रधानमन्त्री र सम्बन्धित मन्त्रीहरूले दिनैपर्दछ । लोकतान्त्रिक व्यवस्थाको यो लोकतान्त्रिक पद्दति नै हो । तर बालेन सरकार गठन भएको ६ महिनामा प्रधानमन्त्री जम्मा संसदमा ३ पटक मात्र उपस्थित भएका छन् भने उनले सांसदले उठाएका प्रश्नको एक पटक मात्र उत्तर दिएका छन् ।

लोकतान्त्रिक व्यवस्थामा सरकार परिवर्तन हुनु सामान्य विषय हो । सरकार परिवर्तन भएपछि अघिल्लो सरकारले गरेका कामको जस अपजस पनि पछिल्लो सरकारकै हुन्छ अघिल्लो सरकारले गरेका कामको जिम्मेवारी म लिन्न भन्न पाउने अधिकार प्रधानमन्त्री र सरकारलाई हुँदैन । तर बालेन सरकार गठन भएपश्चात् त्यो परम्परा तोडिएको छ । बालेन सरकारले जनताको दिएको मतलाई समेत उल्लंघन गर्दै एकतर्फी रूपमा अघि बढ्न खोजेको हुनाले नै सरकारमाथि संकट थपिएको हो ।

## आफ्नो...

यी कामहरु गरिसक्ने भन्दै जनतालाई १०० दिने कार्यदेश दिएको थियो । ती मध्येका २/४ वटा कार्य भएपनि उसले जनताले चाहेजस्तो र उसैले जनतालाई दिएको आश्वासन पूरा गर्न सकेको छैन ।

पछिल्लो समयमा जनताले सहज रूपमा ग्याससम्म पाउन सकेका छैनन् । आखिरी किन ? ग्यास आयात भैरहेको छ ग्यास आयातमा कुनै अवरोध छैन । अहिले भोटेकोशीमा बाढी आएपछि मात्र केही सडक अवरूद्ध भएका हुन के २/४ दिन सडक अवरूद्ध हुँदा नै ग्यास र खाद्यान्नको हाहाकार हुन्छ त ? अब यसको जवाफ बालेन सरकारले जनतालाई दिनु पर्दछ । लोकतान्त्रिक व्यवस्थामा निर्वाचनमा विजय हाँसिल गर्नु र सरकार सञ्चालन गर्नुलाई मात्र लोकतान्त्रिक पद्दति र लोकतन्त्रको जित भन्न सकिँदैन ।

जनताको दैनिकीसँग लोकतान्त्र प्रत्यक्ष जोडिएको हुन्छ । जनताले कति सहज रूपमा आफूले चाहेका सेवा सुविधा लिन सके भन्ने प्रश्न लोकतन्त्रमा उठाउन पाइन्छ । निर्वाचनमा जित हाँसिल गर्नु भनेको सरकार बनाउने अधकिार पाउनुमात्र हो । निर्वाचन परिणाम सँधैभरीलाई हुन सक्दैन त्यसैले गर्दा जनताले हरेक सरकारका काम कारबाहीको मूल्यांकन गरिरहेको हुन्छ । अहिलेको बालेन सकार जनताको सेवामा भन्दा प्रचारमुखी भएको छ ।

प्रधानमन्त्रीले नै फेसबुकमा स्टाटस लेखेर विपक्षी दलका नेताहरूलाई गाली गलौज गरिरहेका हुनाले रास्वपा समर्थक र प्रधानमन्त्री समर्थकहरूले समेत त्यसैको सिको गरेर विपक्षी दल र तिनका नेताहरूको मानमर्दन गर्न लागि परेका हुनाले लोकतान्त्रिक व्यवस्थाको खिल्ली उडाउन थालिएको छ । बालेन सरकारले आफूले काम गर्न नसकेपछि त्यसको दोष विपक्षी दलहरूलाई लगाउन थालेको छ । झण्डै दुई तिहाईको सरकारलाई काम गर्न कसले रोकेको छ ? अब त्यसको जवाफ रास्वपा र बालेनले जनतालाई दिनुपर्दछ ।

## अवैध...

मिल्दैन । विभाग र सम्बन्धित निकायसँगको समन्वयमा गरिएको पछिल्लो अनुगमनका क्रममा केही व्यावसायिक भिसा प्राप्त गरेका विदेशी नागरिकहरु भिसा सिफारिस तथा स्वीकृतिसँग सम्बन्धित व्यवसाय वा लगानीको उद्देश्यभन्दा फरक प्रकृतिको रोजगारी, श्रम वा अन्य कार्यमा संलग्न रहेको पाएकोले विभागले त्यसप्रति ध्यानाकर्षण जनाएको छ ।

सिन्धुली जिल्ला, मरिण गाउँपालिका वडा नं. ०४, साहानस्थित चेङ्ग टिएन फुड लिमिटेडको आर्थिक साझेदारीमा निर्माणाधीन जियान फुड प्रा.लि, नेपाल हिट प्रोसिड बुफेल्लो मिट एक्सपोर्ट टु चाइना प्रोजेक्टमा कार्यरत ८८ जना विदेशी नागरिकले अन्य कम्पनीको नाममा व्यावसायिक भिसा लिई भिसाको उद्देश्यविपरीत कार्य गरेको पाइएकोले निजहरूको व्यावसायिक भिसा रद्द गरिएको अध्यगनम विभागका निर्देशक तथा प्रवक्ता टिकाराम ढकालद्वारा जारी प्रेस विज्ञाप्तिमा जनाएको छ ।

अध्यागमन विभाग सबै विदेशी नागरिकलाई आफूले प्राप्त गरेको भिसाको उद्देश्य र शर्तबमोजिमका क्रियाकलापमा मात्र संलग्न हुन अनुरोध गरेको छ ।

सम्बन्धित उद्योग, कम्पनी, प्रतिष्ठान तथा रोजगारदातालाई पनि उपयुक्त भिसा र स्वीकृतिविना विदेशी नागरिकलाई रोजगारीमा संलग्न नगराउन जानकारी समेत आग्रह गरेको छ ।

## दलहरु...

प्रदर्शनलाई हाइज्याक गरी आफ्नो स्वार्थ पूरा गर्न केही राजनीतिक दल र केही राजनीतिक दलका नेताहरु नै लागि परेको तथ्यहरु बाहिर आएका छन् ।

राजनीतिक दलका नेता र सरकारी उच्च तहमा बसेका व्यक्तिहरु सरकारी संयन्त्रहरु र जनताको सेवामा खटिने संघ संस्थाका व्यक्तिहरु नै जनताको सेवा सुविधामा भन्दा आफ्नो सेवा सुविधालाई प्राथमिकतामा राखेर अघि बढ्ने गरेका हुनाले जनतामा वितृष्णा बढ्दै गएको छ । संविधानले जनताको सेवा गर्न कहाँ रोकेका छ ? सबै राजनीतिक दलहरूको सहमति भएमा संविधान संशोधन गर्न सकिन्छ तर किन राजनीतिक दलहरु संविधान संशोधन गर्न तयार देखिँदैनन् त्यसको एउटै उत्तर हुन्छ दलगत स्वार्थ ।

संविधानको कुन धारा उपधाराले जनताको सेवा गर्न दलहरु र सरकारलाई रोकेको छ । आफ्नो स्वार्थ पूरा गर्न त्यही संविधानको खिल्ली उडाउँदै संविधान विपतिरका कार्य गर्नेहरु दलहरु नै होइनन् र ? दलगत स्वार्थलाई त्यागेर सुशासन, पारदर्शितालाई ध्यानमा राखेर सरकारमा बस्नेहरूले दलगत स्वार्थ त्यागेको खण्डमा संविधान बाधक बन्न सक्ने अवस्था देखिँदैन ।

संविधानलाई आफ्नो स्वार्थअनुसार व्याख्या गर्ने अधिकार नत दलहरूलाई छ नत सरकारलाई नै । रास्वपा नेतृत्वको बालेन सरकारले गत जेष्ठ १७ गते संघीय संसदबाट पातिर गरेको संविधान संशोधनको प्रक्रियाले संविधानको ठाडो उल्लंघन गरेको छ । सविधानले संसद भन्नाले प्रतिनिधिसभा र राष्ट्रियसभालाई जनाउँछ भन्ने स्पष्ट व्यवस्था गरेकोमा बालेन सरकारले संविधान संशोधनका लागि दुवै सदनको संयुक्त बैठकको दुई तिहाई मतले संविधान संशोधन गर्न विधेयक पारित गर्नु संविधानको उल्लंघन होइन र त्यसैले भनिन्छ दलहरु भन्छन एक गर्दछन् अर्को भनेर ।

## राष्ट्रिय...

नभएकाले गर्दा राष्ट्रिय सभाको अस्तित्वलाई अस्वीकार गर्दै प्रतिनिधिसभाकै सांसदहरूबाटै दुई तिहाई मत पुऱ्याउने उदेश्यले सो विधेयक विपक्षी दलहरूको सहमति बेगरै उनीहरूलाई पेलेरै पारित गरिएको थियो ।

प्रतिनिधिसभा नियमावलीको नियम १४० को (११) यथास्थितिमा राख्न अन्तरिम आदेश भएपछि कुनै गम्भीर सम्वैधानिक समस्या आई परेमा संसदले संविधान संशोधन गर्नुपऱ्यो भने कन संसदीय नियमानुसार गर्ने भन्ने व्यवहारिक समस्या समेत उत्पन्न भएको छ । त्यो समस्या उत्पन्न गर्ने काम संसद आफैँले सिर्जना गरेको हो । त्यसको जिम्मेवारी रास्वपाले लिनुपर्दछ । अब विधेयक पारित भएपनि पारित भएको घोषणा गर्न कानूनी समस्या देखिएको छ । त्यसको जिम्मेवारी पनि रास्वपाले नै लिनुपर्दछ ।

संविधान संशोधन गर्ने प्रक्रिया सुरू गर्नु कुनै समस्या देखिँदैन तर विधेयक पारित भएको घोषणा गर्न भने समस्या देखिन्छ । संविधानले नै संसद भन्नाले प्रतिनिधिसभा र राष्ट्रियसभालाई सम्झनुपर्नेछ भन्ने उल्लेख गरिएकोले यी दुवै संसदको अलग अलग स्वतन्त्र अस्तित्व रहेकाले प्रतिनिधिसभाले मात्र संविधान संशोधन हुन सक्दैन भने दुवै सदनको आ–आफ्नै अस्तित्व रहेकाले दुवै सदनले दुई तिहाई मतले संविधान संशोधनको प्रस्ताव पारित गरेको खण्डमा मात्र संविधान संशोधन हुन सक्छ । सरकारको पक्षमा प्रतिनिधिसभामा झण्डै दुई तिहाई मत छ भन्दैमा राष्ट्रियसभाको अस्तित्व समाप्त गर्न पाइँदैन ।

## सरकार...

असम्वैधानिक तवरबाट २०८२ भाद्र २७ गते संसद विघटन गरी २०८२ फागुन २१ गते संसदको निर्वाचनको मिति तोकियो । सो मितिमा निर्वाचन सम्पन्न भयो । निर्वाचनमा भाद्र २३ र २४ गते घटनामा संलग्न भएका व्यक्तिहरु नै निर्वाचित भए । काठमाडौ महानरका तत्कालिन मेयर सहितका धेरै व्यक्तिहरु रास्वपामा प्रवेश गराइयो ।

भाद्र २३ गते नै सहकारी ठगीमा अदालतको आदेशनुसार पुर्पक्षका लागि जेलमा रहेका रवि लामिछानेलाई जबरजस्ती जेलमुक्त गराइयो भने त्यसबेला झण्डै १० हजारभन्दा बढी जेलमा रहेका कैदीबन्दीहरु समेत भागे वा भगाइयो । ती सबै व्यक्तिहरु मध्येका केही व्यक्तिहरु अहिले पनि जेल बाहिरै रहेका छन् । २०८२ चैत्र १३ गते रास्वपाका वरिष्ठ नेता बालेन साह प्रधानमन्त्रीमा नियुक्त भए सोही दिनको मन्त्रिपरिषद्का पहिलो बैठकले नै भाद्र २३ गतेको घटनामा संलग्न रहेको र गोली हान्न आदेश दिएको भन्दै तत्कालिन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकलाई मध्यरातमा पक्राउ गरियो ।

बालेन सरकारले त्यही दिनदेखि प्रतिशोधको राजनीति सुरू गरेको थियो । ओली र लेखकलाई पक्राउ गर्नुपर्ने कारण सरकारले अदालत समक्ष दिन नसकेको हुनाले सर्बोच्च अदालतले ओली र लेखकलाई थुनामुक्त गर्ने आदेश दिएपछि उनीहरु थुनामुक्त भएका थिए । तर उनीहरूका विरूद्ध प्रधानमन्त्री बालेन साह र रास्वपाका नेता तथा कार्यकर्ताहरूले फेसबुक स्टाटसमार्फत आक्रमण जारी राखेका छन् भने प्रधानमन्त्री बालेन लोकप्रियतावादको प्रयोग गरिरहेका छन् । प्रधानमन्त्रीले विरोध र गाली गलौज गरिरहेकाले उनका समर्थकहरूले पनि सो सिको गरिरहेको हुनाले अब त्यस्तो कार्य तत्काल रोकिनुपर्दछ ।

लोकप्रियतावादले मात्र राज्य सञ्चालन हुन सक्दैन । लोकप्रियता वादको अभिजात विरोध कथनले उदार लोकतन्त्रको आधारभूत संस्थाहरु स्वतन्त्र सञ्चारमाध्यम, न्यायपालिका स्थापित राजनीतिक दलहरूको हुर्मत लिने काम भइरहेको छ । यहि कार्यलाई बहुमतको बलमा संसदमा स्थापित गराउन खोज्नु लोकतन्त्रकै उपहास र सर्वनाशको सुरूवात हुन सक्छ ।


**शान्तिपूर्ण समाज निर्माण गरौं**

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

**विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार